# राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना

# जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन रणनीति तथा कार्य योजना

## (वि.सं.२०७२-२०७७)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मा. पद्मा कुमारी अर्याल
राज्यमन्त्री
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
Hon. Padma Kumari Aryal
State Minister
Ministry of Health and Population

नेपाल सरकार
Government of Nepal

रामशाहपथ, काठमाडौं, नेपाल
Ramshahpath, Kathmandu, Nepal

मिति : २०७५-०२-१८
Date :

प.सं. :- ०७४/०७५
च.नं. (Ref. No.) :- ९२

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

विषय :-
Subject: - शुभकामना सन्देश

लामो समयको प्रतिक्षा पश्चात तयार भएको राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७) प्रस्तुत गर्न पाउँदा हामीलाई खुशी लागेको छ । विश्वमा भई रहेको तामक्रम वृद्धिमा हाम्रो देशको योगदान धेरै नगण्य भएता पनि जलवायु परिवर्तनले स्वास्थ्य सहित विभिन्न क्षेत्रहरुमा प्रभाव पारिरहेको छ । जलवायु परिवर्तनले स्वास्थ्य क्षेत्रमा पारिरहेको प्रभावलाई व्यवस्थित तरिकाले सम्वोधन गर्नको निम्ति यो योजना तयार गरिएको हो । यस योजनाले रणनीतिक उद्देश्यहरु निर्धारित गरेको छ र यी उद्देश्यहरु पूरा गर्न संलग्न विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीहरु परिभाषित गरेको छ । यसरी मानव स्वास्थ्यमा जलवायु परिवर्तनको प्रभावलाई सम्वोधन गर्न यस योजनाले अर्को पाच वर्षका लागि मार्गदर्शकको रुपमा महत्वपूर्ण भूमिका निभाउनेछ ।

सार्वजनिक र निजी क्षेत्रमा कार्यरत विभिन्न सहयोगी निकायहरुसंग सहकार्य गर्दै अनुकूलनको माध्यमबाट जनस्वास्थ्यको क्षेत्रमा थप सुधारात्मक कार्यहरु गरी यस राष्ट्रिय स्वास्थ्य अनुकूलन योजनाले निर्धारित गरेका लक्ष्यहरु हासिल गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रतिबद्ध छ । वन तथा वातावरण मन्त्रालय र अरु सम्बन्धित सरकारी निकायहरु, शैक्षिक तथा अनुसंधानमूलक संस्थाहरु, विकास साझेदारहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँगको निकटतम् सहयोग र सहकार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जलवायु परिवर्तन अनुकूलनको माध्यमद्वारा मानव स्वास्थ्यमा सुधार गर्न चाहन्छ ।

मलाई आशा छ कि यस राष्ट्रिय स्वास्थ्य अनुकूलन योजनाले जलवायु परिवर्तन अनुकूलनको महत्वका बारेमा सबै सरोकारवालाहरुको बीच चेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याउनेछ । जलवायु परिवर्तनको कारण उत्पन्न हुने सम्भावित प्रभावबाट मानव स्वास्थ्यको संरक्षण गर्न अपनाइएका विभिन्न रणनीतिहरु बुझ्नका लागि यो योजना धेरै उपयोगी हुनेछ ।

यो योजना निर्माणका लागि निरन्तर प्राविधिक सहयोग गर्ने नेपाल स्वास्थ्य अनुसन्धान परिषद र विश्व स्वास्थ्य संगठन (WHO) लाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । साथै यस योजनाको तयारीमा संलग्न सबै साझेदारहरु प्रति अमूल्य योगदानका लागि आभार अर्पण गर्दछु ।

अन्त्यमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. पुष्पा चौधरीलाई यस योजना तयारीका बेला गतिशील नेतृत्वको भूमिका निर्वाह गर्नु भएको हुँदा बधाई दिन चाहन्छु । साथै राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना तयार गर्न उल्लेखनीय भूमिका निर्वाह गर्नु भएका चिकित्सा सेवा महाशाखा प्रमुख डा. दिपेन्द्र रमण सिंह सहित मन्त्रालयको सम्पूर्ण टोली र संलग्न विशेषज्ञहरु प्रति धन्यवाद प्रकट गर्न चाहन्छु ।

पद्मा कुमारी अर्याल
राज्य मन्त्री

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(......................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : २०७५।०२।१६

विषय :- **शुभकामना**

नेपाल जलवायु परिवर्तनको सन्दर्भमा सबै भन्दा प्रभावित देशहरु मध्ये एक हो । बढ्दो जनसंख्या, अत्याधिक इन्धनको खपत, सवारी साधनहरुको बृद्धि, विकासका क्रियाकलापहरु र कृषि ढाँचामा हुने परिवर्तन आदि कारणले गर्दा आगामी बर्षहरुमा पनि तापक्रम तिव्ररुपमा बृद्धि हुने कुरालाइ नकार्न सकिदैन । तापमानमा हुने वृद्धिका कारण जलवायु परिवर्तनको प्रभावमा पनि वृद्धि हुन्छ र स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्दछ ।

राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७) ले स्वास्थ्य विश्लेषक र नीति निर्माताहरुद्वारा माग गरिएका जानकारीमूलक सुचनाहरु प्रदान गर्नेछ र भविष्यमा आउन सक्ने नीतिगत चुनौतिहरु र आवश्यकताहरुको सम्बोधन गर्न सक्नेछ । यस योजनाको उद्देश्य मानव स्वास्थ्यमा पर्ने जलवायु परिवर्तनको नकारात्मक असरलाई कम गर्नु हो । यस वाहेक, यो योजना कुनै पनि नीति निर्माता, निर्णयकर्ता, योजनाकर्ता, प्रबन्धक, शिक्षाविद्ध, शोधकर्ता र अन्य सम्बन्धित सरोकारवालाहरुका लागि देशमा स्वास्थ्य अनुकूलन संयन्त्रलाई सुदृढ गर्न उपयोगी संदर्भ सामग्री समेत हुनेछ ।

अन्तमा, यो महत्वपूर्ण राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७) प्रकाशन गर्न सहयोग गर्ने विश्व स्वास्थ्य संगठन (WHO) लगायत प्राविधिक कार्यदलका सम्पुर्ण सदस्यहरुलाई पनि धन्यवाद प्रकट गर्दछु । साथै यस योजनालाई सफल बनाउनका लागि कठिन परिस्थितिमा पनि काम गर्नु हुने सम्पुर्ण टोलीप्रती कृतज्ञता प्रकट गर्दछु ।

डा. पुष्पा चौधरी
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- ८४१

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति : २०७५/०२/१७

विषय :- आभार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (२०७२-२०७७) तयार गरिएको जानकारी गराउन पाउंदा मलाई खुशी लागेको छ । जलवायु परिवर्तन यहि गतिमा निरन्तर भई रहयो भने जलवायु परिवर्तन विनाको तुलनामा विरामी र रोगहरुको चाप नयाँ किसिमले बढ्ने देखिन्छ । जलवायु परिवर्तनका प्रभावहरुलाई सम्पूर्ण नेपाली जनता तथा नेपालका धेरै जसो क्षेत्रमा अनुभव गर्न थालिएको छ । यो योजना विभिन्न उपायहरु मार्फत नेपालमा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने सम्भावित समस्याबाट मानव स्वास्थ्यको संरक्षण गर्न तयार गरिएको हो । यसमा जनचेतना कार्यक्रम, अनुसन्धान, अध्ययन, स्वास्थ्य कार्यकर्ताहरुको क्षमता अभिवृद्धि, पुर्व चेतावनी प्रणाली, अहिले चलि रहेका र भविष्यका स्वास्थ्य कार्यक्रमहरुमा जलवायु जोखिमहरुलाई समाहित गर्ने कार्यहरुसित सम्बन्धित छन् ।

२०१० मा क्यानकनमा आयोजित (UNFCCC) सम्मेलनले स्वास्थ्य क्षेत्रलाई अनुकूलन गतिविधिको उच्च प्राथमिक्तामा राख्ने निर्णय गरेको छ । नेपालको जलवायु परिवर्तनका लागी राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) ले जनस्वास्थ्यलाई जलवायु परिवर्तनको नकारात्मक असरको अत्यधिक जोखिममा रहेको क्षेत्रका रुपमा पहिचान गरेको छ । वन तथा वातावरण मन्त्रालयले समग्र राष्ट्रिय अनुकूलन योजना तयार गर्दैछ र हामी सार्वजनिक स्वास्थ्य तथा खानेपानी र सरसफाई विषयगत समूहको नेतृत्व गर्दैछौं । यो दस्तावेज राष्ट्रिय अनुकूलन योजनाको स्वास्थ्य सम्बन्धि बिषय तयार गर्न धेरै हद सम्म पूरक हुनेछ ।

म विश्व स्वास्थ्य संगठन (WHO) नेपाल द्धारा प्रदान गरिएको वित्तीय र प्राविधिक सहयोगको अत्यधिक प्रशंसा गर्छु जुन सहयोग बिना राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना तयार गर्न सम्भव थिएन । यो योजना DFID को सहयोगमा संचालित "विकासोन्मुख राष्ट्रहरुमा समानुकूलन र WASH को माध्यमबाट स्वास्थ्यमा जलवायु परिवर्तन अनुकूलन निर्माण" परियोजना अन्तर्गत तयार गरिएको हो ।

यस प्रतिवेदनको प्रकाशन रोग नियन्त्रण, जलवायु परिवर्तन तथा वातावरणीय स्वास्थ्य शाखाका प्रमुख तथा उपस्वास्थ्य प्रशासक डा. माधव प्रसाद लम्सालको अथक प्रयास द्वारा सफल भएको छ । यस राष्ट्रिय स्वास्थ्य अनुकूलन योजनालाई तयारीको सिलसिलामा समग्र मार्गदर्शन प्रदान गर्नुहुने चिकित्सा सेवा महाशाखाका तत्कालिन प्रमुख डा. भोलाराम श्रेष्ठ र तत्कालिन शाखा प्रमुख श्रीमती यशोदा अर्याल प्रति आभार प्रकट गर्न चाहन्छु । यसका साथै विश्व स्वास्थ्य संगठन (WHO) का राष्ट्रिय प्रोफेस्नल अधिकृत श्री राजा राम पोटे श्रेष्ठले यस योजना तयार र प्रकाशन गर्नका लागि प्रत्येक पक्षमा पुर्याउनु भएको निरन्तर प्राविधिक सहयोग र सल्लाहका लागि विशेष धन्यवाद दिन चाहन्छु । यस योजनाको तयारीका लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद (NHRC) का डा. मेघनाथ धिमाल र NHRC को सम्पुर्ण टोलीलाई धन्यवाद दिन चाहन्छु । यसैगरी प्राविधिक कार्य समूह (TWG) का सदस्यहरु र यो योजना तयार गर्नका लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण व्यक्तिहरु लाई धन्यवाद र बधाई दिन चाहन्छु । यस योजनालाई प्रकाशन गर्न अथक प्रयास गर्नु हुने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका वातावरणीय तथा स्वास्थ्य अधिकृत श्री उपेन्द्र के.सी. लाई पनि धन्यवाद दिन चाहन्छु ।

यो योजनाको विकास र तयारीको प्रक्रियामा बहुमूल्य निर्देशन र पर्यवेक्षकको भुमिका निर्वाह गरिदिनु भएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, डा. पुष्पा चौधरी ज्यु प्रति म बिशेष सम्मान प्रकट गर्न चाहन्छु । अन्तमा, यो राष्ट्रिय स्वास्थ्य अनुकूलन योजनाले जलवायु परिवर्तनको प्रभावबाट मानव स्वास्थ्यमा उत्पन्न भएका समस्याहरुलाई सम्बोधन गर्न उपयोगी आशा लिएको छु ।

.................
डा. दिपेन्द्र रमण सिंह
प्रमुख, चिकित्सा सेवा महाशाखा

# भुमिका

जलवायु परिवर्तनले पारिरहेको विनासकारी प्रभावहरुले गर्दा यो सबैको चासोको विषय बनेको छ। जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी मञ्च (IPCC) का अनुसार मानवीय क्रियाकलाप तथा प्राकृतिक अस्थिरताका कारण लामो समयावधिमा जलवायुमा हुने कुनैपनि किसिमको परिवर्तन नै जलवायु परिवर्तन हो। जलवायु परिवर्तनले असर पार्ने प्रमुख तथा महत्वपूर्ण क्षेत्रहरू मध्ये स्वास्थ्य पनि एक हो। त्यसैले जलवायु परिवर्तनको नकारात्मक असरहरू न्यूनीकरणका लागि स्वास्थ्य क्षेत्रमा उपयुक्त रणनीतिको निर्माण गरी जलवायु समानुकूलन स्वास्थ्य प्रणालीको विकास गर्नु आजको अपरिहार्यता हो।

नेपालमा हुने हरितगृह ग्यास उत्सर्जन विश्वमा उत्सर्जन हुने कुल हरितगृह ग्यासको ०.०२७ प्रतिशत मात्र छ, जुन धेरै कम हो तर नेपालमा तापक्रम र वर्षाको तथ्याङ्क अध्ययन तथा विश्लेषण गर्दा जलवायु परिवर्तन स्पष्ट रूपमा तीव्र गतिमा भइरहेको देखिन्छ। तापमान बृद्धिको प्रवृतिलाई हेर्दा तराईमा भन्दा हिमाली र पहाडी भेगमा उच्च पाईएको छ। जलवायु परिवर्तनजनित तापमान वृद्धिका कारण छोटो समयमा धेरै वर्षा, लामो खडेरी, अत्यधिक बाढी, हिमताल विस्फोटन, धेरै दिनसम्म कुहिरो लाग्ने, शीतलहर, पानीका स्रोतहरू सुक्ने, वन डढेलो लाग्ने तथा नयाँ रोगको प्रकोपमा वृद्धि हुनुका साथै नयाँ नयाँ ठाउँहरुमा रोगको प्रकोप फैलने जस्ता नकारात्मक असरहरू उत्पन्न हुन सक्छन्।

जलवायु परिवर्तन अनुकूलन र न्युनिकरणका उपायहरु लाई समग्र विकासको दृष्टिकोण र एजेन्डामा एकिकृत गर्न आवश्यक छ। यस योजनाले जलवायु परिवर्तन र स्वास्थ्य बिचको अन्तरगतसम्बन्ध र जलवायु परिवर्तनले स्वास्थ्यमा पार्ने खतरालाई सम्बोधन गर्ने उपायहरुको बारेमा जानकारी प्रदान गर्दछ। यसले स्वास्थ्य क्षेत्रमा अनुकूलका अवसरहरु देखाउनुका साथै जलवायु परिवर्तनका चुनौतिहरुसंग अनुकूलन गर्ने तरिकाहरुका बारेमा पनि वर्णन गर्दछ। नेपालको आर्थिक बिकास र वातावरणको सुरक्षाका लागि जलवायु परिवर्तन र यसका सम्बन्धित प्रभावहरुलाई सम्बोधन गर्ने कार्य तत्काल आवश्यक छ।

राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना तयार गर्नुको मुख्य उद्धेश्य भनेको जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर कम गर्न संकटासन्नतालाई घटाउने र जनताको अनुकूलन क्षमता अभिवृद्धि गर्नु हो। राष्ट्रिय स्वास्थ्य अनुकूलन योजनाले कल्पना गरेका उद्धेश्यहरु यस प्रकार छन् (१) जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने; (२) जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी नीति तथा कार्यक्रमलाई तथ्यपरक ढङ्गले तर्जुमा तथा परिमार्जन गर्न निरन्तर रुपमा खोज, अनुसन्धान गर्ने; (३) जलवायु परिवर्तनजन्य सङ्क्रामक रोग (कीट, जल, वायु र खाद्यजन्य) तथा कुपोषणका कारण उत्पन्न रुग्णता र मृत्युदर को न्यूनिकरण गर्ने; (४) जलवायुजन्य चरम घटनाका कारण उत्पन्न जोखिमहरुको व्यवस्थापन गर्न सहयोग गर्ने; (५) बहु-क्षेत्रगत सहकार्यद्धारा सबै किसिमका नीतिमा स्वास्थ्यलाई समाविष्ट गरेर जलवायु परिवर्तनका कारण पर्ने असरबाट मानव स्वास्थ्यलाई सुरक्षा प्रदान गर्ने।

सम्पूर्ण रणनीतिक साझेदारहरुसंग सहकार्य गर्दै सम्बन्धित सम्पूर्ण क्षेत्रलाई समेटी जलवायु परिवर्तनबाट स्वास्थ्यमा पर्ने असरको न्यूनीकरण गर्नु नै यस योजनाले निर्धारण गरेको लक्ष्य हो। यस योजनाले ध्यान दिन खोजेको पक्ष भनेको न्युनिकरण, अनुकूलन र समानुकूलनको रणनीतिद्धारा जलवायु परिवर्तनको प्रभावबाट मानव स्वास्थ्यको संरक्षण गर्नु हो। यसै पृष्ठभूमिमा कुनै निश्चित अवधिभित्र उपलब्ध स्रोत र साधनको प्रयोग गरेर राष्ट्रिय स्वास्थ्य अनुकूलन सम्बन्धी उद्देश्य प्राप्तिका निम्ति यो योजना तयार गरिएको हो।

यो योजना नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको मन्त्री स्तरीय निर्णायबाट मिति २०७३ पौष ८ गते स्वीकृत भएको हो।

# सारांश

जलवायु विषमता (Climatic variability) तथा जलवायु परिवर्तन (Climate change) ले मानवजातिलाई प्रतिकूल असर पुऱ्याइरहेको तथ्य सर्वविदितै छ । त्यसमा पनि यसबाट विकासोन्मुख मुलुकहरू बढी प्रभावित भएका पाइन्छ । जलवायु परिवर्तनको महत्वपूर्ण कारणका रुपमा रहेको हरितगृह ग्यास विकासोन्मुख राष्ट्रले थोरै मात्र उत्सर्जन गर्ने गर्दछन् तर यसको कारण स्वास्थ्यमा पर्ने प्रभाव सबैभन्दा बढी तिनै मुलुकका मानिसले भोग्नु परिरहेको छ । हरितगृह ग्यास उत्सर्जनमा नेपालको भूमिका थोरै रहेतापनि सन् २०१० को जलवायु परिवर्तन र यसको जोखिम सम्बन्धी अध्ययनले नेपाललाई विश्वमा चौथो जोखिम राष्ट्रको रुपमा राखेको छ ।

जलवायु परिवर्तनले असर पार्ने प्रमुख तथा महत्वपूर्ण क्षेत्रहरू मध्ये स्वास्थ्य पनि एक हो । त्यसैले जलवायु परिवर्तनको नकारात्मक असरहरू न्यूनीकरणका लागि स्वास्थ्य क्षेत्रमा उपयुक्त रणनीतिको निर्माण गरी जलवायु समानुकूलन स्वास्थ्य प्रणाली (Climate Resielent Health System) को विकास गर्नु आजको अपरिहार्यता हो, जसका लागि स्वच्छ हावा, सफा पानी, पर्याप्त पौष्टिक आहार र वातानूकुलित भवन तथा अन्य संरचना र वासस्थानको व्यवस्था, योजनाबद्ध प्रदूषण रहित सहर आदि जस्ता पूर्वाधारहरूमा पनि व्यापक सुधार ल्याउन आवश्यक हुन्छ । त्यसैगरी स्वास्थ्य क्षेत्रलाई अन्य अनुकूलन योजनाहरूमा समाविष्ट गर्दा यसले जनस्वास्थ्यको संरक्षणमा मद्दत पुऱ्याउनुका साथै यस्तो सहकार्यले स्वास्थ्य क्षेत्रलाई सहलाभ प्रदान गर्दछ ।

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका विभिन्न प्रतिबद्धता, नेपालको संविधान २०७२, राष्ट्रिय स्वास्थ्य नीति २०७१, राष्ट्रिय जनसंख्या नीति २०७१, राष्ट्रिय जलवायु परिवर्तन नीति २०६७ तथा स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ ले जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन रणनीति तथा कार्ययोजना तयार गरी लागू गर्नुपर्ने कुरा निर्देशित गरेका छन् ।

राष्ट्रिय जलवायु परिवर्तन स्वास्थ्य रणनीतिको मुख्य सिद्धान्त स्वास्थ्य क्षेत्रमा आवश्यक मात्रामा साझेदारिता बढाएर जलवायु परिवर्तनबाट स्वास्थ्यमा पर्ने असरहरूबाट स्वास्थ्यलाई संरक्षण गर्नु हो । त्यसैगरी, समग्रमा राष्ट्रिय अनुकूलन योजना तयार गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न पनि यसले सहयोग पुऱ्याउँदछ ।

**यस रणनीतिका परिकल्पना, ध्येय र लक्ष्य निम्न् बमोजिम छन् :-**

**परिकल्पना** : जलवायु समानुकूलन स्वास्थ्य प्रणाली मार्फत् नेपालमा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने समस्याबाट मानव स्वास्थ्यको संरक्षण गर्ने ।

**ध्येय** : सरकारी, निजी तथा नागरिक समाजसंग सम्बन्धित सङ्घ-संस्था र विकास साझेदारबीच उत्कृष्ट साझेदारी निर्माण गरी समावेशी प्रक्रिया अन्तर्गत स्वास्थ्य क्षेत्रको क्षमता अभिवृद्धि गरी जलवायु परिवर्तनले स्वास्थ्यमा पार्ने नकारात्मक असरलाई सम्बोधन गर्ने ।

**लक्ष्य** : जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर कम गर्न संकटासन्नता (Vulnerability) लाई घटाउने र अनुकूलनता (Adaptation) सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।

सङ्घीय गणतान्त्रिक नेपालमा मानवीय स्वास्थ्यमा जलवायु परिवर्तनका कारण उत्पन्न हुने असरहरू घटाउन, जोखिम न्यूनीकरण तथा अनुकूलताका उपायहरू बढाउन निम्न् लिखित विशिष्ट उद्देश्यहरू रहने छन् ।

१. जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
२. जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी नीति तथा कार्यक्रमलाई तथ्य परक ढङ्गले तर्जुमा तथा परिमार्जन गर्न निरन्तर रुपमा खोज, अनुसन्धान गर्ने,
३. जलवायु परिवर्तनजन्य सङ्क्रामक रोग (कीट, जल, वायु र खाद्यजन्य) तथा कुपोषणका कारण उत्पन्न रूग्णता (Morbidity) र मृत्युदर (Mortality) को न्यूनीकरण गर्ने,
४. जलवायुजन्य चरम घटनाका कारण उत्पन्न जोखिमहरूको व्यवस्थापन गर्न सहयोग गर्ने,
५. बहु-क्षेत्रगत सहकार्यद्वारा सबै किसिमका नीतिमा स्वास्थ्यलाई समाविष्ट गरेर जलवायु परिवर्तनका कारण पर्ने असरबाट मानव स्वास्थ्यलाई सुरक्षा प्रदान गर्ने ।

**जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन रणनीति कार्यान्वयनबाट २०७७ सम्ममा हासिल गर्ने गरी निम्न् लिखित लक्ष्यहरू (Targets) अङ्गिकार गरेको छ :-**

१. देशका ७५ वटै जिल्लामा जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
२. विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा जलवायु परिवर्तन र यसका स्वास्थ्य असर सम्बन्धी विषयवस्तुहरू समावेश गरी अध्यापन गराउने ।
३. कम्तीमा ५०० जना स्वास्थ्यकर्मीलाई जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गर्ने ।
४. जलवायुजन्य रोग तथा जोखिमहरूको अभिलेखमा सुधार गरी नियमित रुपमा रिपोर्टिंग गर्ने व्यवस्था गर्ने ।
५. जलवायु परिवर्तन र स्वास्थ्य तथ्याङ्क विश्लेषण सम्बन्धी कम्तीमा २५० जना अनुसन्धानकर्ताको क्षमता अभिवृद्धि गर्ने ।
६. जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी विषयमा कम्तीमा १० वटा राष्ट्रिय स्तरका अनुसन्धान गरी प्रतिवेदन तथा अनुसन्धानात्मक लेखहरू प्रकाशित तथा प्रचार प्रसार गर्ने ।
७. जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी तथ्याङ्कहरू तथा अनुसन्धानबाट प्राप्त परिणामहरूको अनलाइन डेटाबेस (Online database) निर्माण गर्ने ।
८. नेपालका ७५ वटै जिल्लामा जल, खाद्य तथा कीटजन्य रोगहरूको सर्वेक्षण/निगरानी विस्तार गरी यी रोगहरूको रोकथामका कार्यक्रमहरूको आवश्यकतानुसार विस्तार गर्ने ।
९. जलवायुजन्य रोग तथा जोखिमहरूबाट मानव स्वास्थ्यको संरक्षणका निम्ति कम्तीमा जिल्लास्तरमा पूर्व सतर्कता प्रणालीको विकास गर्ने ।
१०. विपद् व्यवस्थापन तथा महामारी नियन्त्रणका लागि ७५ वटै जिल्लामा रहेका उद्धार टोलीहरुलाई थप तालिम प्रदान गरी सक्रिय परिचालन गर्ने ।
११. स्वास्थ्यसँग सम्बन्धित सबै नीतिहरूमा जलवायु परिवर्तनलाई समावेश गरी रूग्णता तथा मृत्युदर घटाउने ।
१२. जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी प्रत्येक वर्ष राष्ट्रिय स्तरको कार्यशाला गोष्ठी गर्ने ।

१३. तीन हजार मिटर (दश हजार फिट) भन्दा माथि हिमाली भेगमा पाइने जडीबुटीहरूको वितरण सम्बन्धी नक्साङ्कन गर्ने ।

१४. वातानुकूलित नमूना भवनहरूको ढाँचा तयार गर्ने र सो अनुसारको भवन निर्माण गर्न सरोकारवालाहरूसँग समन्वयन गरी कम्तिमा ५० वटा त्यस्ता भवन निर्माण गर्ने ।

**कार्यान्यिवयनका मुख्य रणनीतिलाई तल परिभाषित गरिएको छ ।**

१. मुलुकभित्र विद्यमान ज्ञानको व्यवस्थापन र कार्यक्रमको योजना र कार्यान्वियनका लागि आवश्यक कोष र प्रविधि हस्तान्तरण गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने प्रभावकारी जलवायु एकाईको स्थापना स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गर्ने ।

२. राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुसन्धानका प्रमाणमा आधारित कार्ययोजना निर्माण गरी कार्यान्वियन गर्ने ।

३. आवश्यक आर्थिक स्रोत र उपयुक्त जनशक्तिको पर्याप्तताका लागि ठोस कार्ययोजना सहित स्रोत परिचालन गरी आवश्यक दक्ष जनशक्ति सहितको एक चुस्त प्रणालीको विकास गर्ने ।

४. हावा, पानी र खाद्य प्रदूषण, कीटजन्य रोग तथा कुपोषण सम्बन्धी कारक तत्वहरूको न्यूनीकरण गर्न आवश्यक अनुगमन गर्ने गरी विभिन्न तहमा प्रभावकारी सर्वेक्षण प्रणाली (Surveillance system) को स्थापना गर्ने ।

५. कीट, पानी, वायु र खाद्यजन्य रोगहरूको रोकथाम गर्ने ।

६. जलवायु परिवर्तन प्रति संवेदनशील रोगहरू र तिनिहरूका जोखिम तत्वहरूको नियमित अनुगमन तथा सर्वेक्षण गर्ने गरी अनुसन्धान क्षमता अभिवृद्धि गर्ने ।

७. स्वास्थ्यसँग सम्बन्धित सबै नीतिहरूमा जलवायु परिवर्तनलाई समावेश गर्ने ।

# विषय-सूची


भुमिका ........ क

सारांश ........ ख

पृष्ठभूमि ........ १

नेपालमा जलवायु परिवर्तन ........ १

राष्ट्रिय जलवायु परिवर्तन स्वास्थ्य अनुकुलन रणनीतिको आवश्यकता ........ २

नेपालमा जलवायु संवेदनशील स्वास्थ्य जोखिमहरू ........ २

जलवायु परिवर्तनले स्वास्थ्यमा पर्ने असर, जोखिम तथा अनुकूलनको मूल्याङ्कन ........ ४

नेपालमा जलवायु संवेदनशील स्वास्थ्य-जोखिम सम्बोधनार्थ राष्ट्रिय नीति, योजना र रणनीति ........ ६

परिकल्पना, ध्येय र लक्ष्य ........ ९

जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन रणनीतिका राष्ट्रिय रणनीतिक उद्देश्यहरू ........ ९

परिमाणात्मक लक्ष्य ........ १०

कार्यान्वयन रणनीति ........ १०

अनुगमन तथा मूल्याङ्कन ........ ११

आर्थिक पक्ष ........ ११

जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन कार्य योजना (२०७२-२०७७) ........ १२

# पृष्ठभूमि

## नेपालमा जलवायु परिवर्तन

जलवायु परिवर्तन र यसबाट उत्पन्न हुने नकारात्मक असरहरूका कारण यो महत्वपूर्ण जनसरोकारको विषय बनेको छ । वैज्ञानिक अध्ययन तथा जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी मञ्च (Inter-governmental Panel on Climate Change, IPCC) का अनुसार मानवीय क्रियाकलाप तथा प्राकृतिक अस्थिरताका कारण लामो समयावधिमा जलवायुमा हुने कुनैपनि किसिमको परिवर्तन नै जलवायु परिवर्तन हो । विश्वमा मानवीय क्रियाकलापबाट उत्सर्जित हरितगृह ग्यासका कारण जलवायु परिवर्तन भइरहेको छ । अनि जटिल भौगोलिक तथा न्यून आर्थिक अवस्थाका कारण नेपाल जलवायु परिवर्तन जनित जोखिमयुक्त मुलुक भएको तथ्यको उपेक्षा गर्न सकिँदैन । नेपालमा उपलब्ध तापक्रम र वर्षाको तथ्याङ्क अध्ययन तथा विश्लेषण गर्दा जलवायु परिवर्तन स्पष्ट रूपमा तीव्र गतिमा भइरहेको देखिन्छ । तापक्रमको प्राप्त तथ्याङ्क अनुसार नेपालको समग्र तापक्रममा बृद्धि भएको छ भने हिमाली र पहाडी भेगमा तापमान बढ्ने क्रम तराई र भित्री मधेशका तुलनामा बढी पाइएको छ । वर्षाको तथ्याङ्कले स्पष्ट रुपमा जलवायु विषमता सम्बन्धी कुनै स्पष्ट भिन्नता नदेखाए पनि नेपालमा भारी तथा अत्यन्त कम वर्षा हुने दिनहरूको सङ्ख्या बढी रहेको पाइएको छ । नेपालमा जलवायु परिवर्तनको असर चरम मौसमी घटनाबाट अनुभव गर्न सकिन्छ । जस्तैः हाल दिन र रात दुवै पहिलेका तुलनामा ताता भैरहेका छन् अर्थात् चिसा दिन र रातको सङ्ख्या कम हुँदै गएको पाइन्छ । साथै तापक्रम बढ्ने, छिटपुट हिमपात र हिमनदीहरू अत्यधिक मात्रामा पग्लनाले पहाडी भेगमा खानेपानी तथा सिचांईको अभाव हुन थालेको छ । भारी वर्षाको क्रम बढेपनि समग्रमा पहाडी र तराईका भूभागमा भारी वर्षामा त्यति धेरै भिन्नता नरहेको देखिन्छ । जलवायु परिवर्तन प्रक्षेपण मोडल (Providing Regional Climate for Impact Studies, PRECIS) का अनुसार २१ औँ शताब्दीको अन्त्य सम्ममा नेपालको तापमानमा उल्लेखेनीय वृद्धि हुनेछ र मौसमी वर्षामा भने सन् १९६८ देखि १९९० को अनुपातमा सन् २०११ देखि २०४० सम्म घट्ने र सन् २०७१ देखि २०९८ सम्म भने वर्षा बढ्ने अनुमान गरिएको छ । नेपालको तापमान सन् १९६८ देखि १९९० को दाँजोमा सन् २०३० मा १.४ डिग्री सेल्सियस, सन् २०६० मा २.८ डिग्री सेल्सियस र सन् २०९० मा ४.७ डिग्री सेल्सियसका दरले वृद्धि हुने वैज्ञानिकहरूको अनुमान छ । जलवायु परिवर्तन जनित तापमान वृद्धिका कारण छोटो समयमा धेरै वर्षा, लामो खडेरी, अत्यधिक बाढी, हिमताल विस्फोटन, धेरै दिनसम्म कुहिरो लाग्ने, शीतलहर, पानीका स्रोतहरू सुक्ने, नयाँनयाँ रोगको प्रकोपमा वृद्धि हुनुका साथै नयाँ ठाउँमा रोगको प्रकोप फैलने, वन डढेलो लाग्ने जस्ता नकारात्मक असरहरू उत्पन्न हुन सक्नेछन् । विभिन्न जलवायु परिवर्तन प्रक्षेपण मोडलहरूका अनुसार पृथ्वीको विश्वव्यापी औसत तापक्रम सन् १८५०-१९०० का वर्षहरूमा भन्दा २१औँ शताब्दीको अन्त्य सम्ममा १.५-४° डिग्री सेल्सियस सम्मले बढ्ने अनुमान गरिएको छ । विभिन्न अध्ययन प्रतिवेदन अनुसार गत तीन दशकमा पृथ्वीको सतहको तापक्रम वृद्धि भएको र सबैभन्दा धेरै तापक्रम हिमाली क्षेत्रमा बढेको र यसको अत्यधिक असरपनि पर्वतीय देशहरूमा परिरहेको पाइन्छ । यदि तत्काल उचित कदम चालिएन भने जलवायु परिवर्तन र यसले निम्त्याउने अत्यधिक समस्याका कारण धेरै मानिसरू विभिन्न रोगहरुबाट ग्रसित हुने र उनीहरूले अकालमा ज्यान गुमाउनुका साथै धनजनको क्षति हुनेछ । सन् २०१५ डिसेम्बरमा फ्रान्सको राजधानी पेरिसमा भएको एक्काइसौँ जलवायु परिवर्तन सम्बन्धी सम्मेलन (United Nations Climate Change Conference of the Parties, CoP21) मा विश्वको तापक्रम वृद्धि २१ औं शताब्दीको अन्त्य सम्ममा २ डिग्री सेल्सियस भन्दा कम राख्ने लक्ष्य सहित पक्षराष्ट्रहरूले सहमति जनाएका छन् । यसका अतिरिक्त विश्व तापक्रम १.५ डिग्री सेल्सियसको सीमा भन्दा वृद्धि हुन नदिने प्रयासमा समेत उनीहरू प्रतिबद्ध भएका छन् । उक्त सहमतिमा जलवायु अनुकूलन सम्बन्धी कार्यहरूप्रति प्रतिबद्धता सहित हानी र क्षतिको अनुपातमा स्रोत परिचालन गर्ने सिद्धान्त प्रतिपादन गरेका छन् । साथै सबैभन्दा सङ्कटासन्न जनसङ्ख्याका लागि सुरक्षाका उपायहरू पनि अवलम्बन गर्ने सहमति भएको छ ।

नेपालमा हुने हरितगृह ग्यास उत्सर्जन विश्वमा उत्सर्जन हुने हरितगृह ग्यासको ०.०२७ प्रतिशत मात्र छ । तसर्थ, हरितगृह ग्यास उत्सर्जनलाई घटाउन नेपालको महत्वपुर्ण देन नहुने भएकाले हाम्रो प्रयास अनुकूलन क्षमतालाई 'विकास एजेण्डा' र 'बाँच्न पाउने रणनीति' का रुपमा विकास गर्दै लैजाने तर्फ केन्द्रित हुनु पर्ने देखिन्छ । यद्यपि नेपाल सरकारले आर्थिक विकासलाई असर नपुऱ्याई हरितगृह ग्यास उत्सर्जन घटाउने क्रमलाई पनि प्राथमिकतामा राखेको छ । नेपाल सरकारले अधिकतम अनुकूलताको फाइदा र न्यून कार्बन उत्सर्जनका लागि सम्पूर्ण प्रभावकारी उपाय अवलम्बन गर्ने प्रतिबद्धता जनाएको छ, जसका दुई कारण रहेका छन् । पहिलो, नेपालले दिगो नहुने र खर्चिलो खनिज इन्धनमा परनिर्भरता घटाई आत्मनिर्भर बन्ने र पेट्रोलियम प्रदार्थको आयात गर्दा हुने खर्च कटौती गर्न प्रयोगमा ल्याउन सकिने वैकल्पिक ऊर्जाको स्रोतलाई प्रोत्साहित गर्ने । दोस्रो, असर न्यूनीकरणका उपाय अवलम्बन गर्ने क्रममा विश्व हरितगृह ग्यास उत्सर्जनलाई कम गराउने र नवीकरणीय ऊर्जा स्रोतको प्रयोग बढाउने नीति रहेको छ । यसबाट वनविनाश कम हुनुका साथै दाउराको प्रयोगद्वारा उत्पादन हुने घरायसी धुवाँ-धुलोपनि कम हुनेछ, जसले गर्दा मानिसको स्वास्थ्यमा पर्ने रक्तसञ्चार तथा स्वास-प्रश्वास सम्बन्धी रोगहरूवाट बच्न सकिन्छ । उदाहरणका रुपमा जैविक ठोस इन्धनको सट्टामा सौर्य तथा जल ऊर्जाको प्रयोग गर्दा ग्रामीण क्षेत्रहरूमा स्वास-प्रश्वास सम्बन्धी समस्या ग्रस्त रोगीहरूको सङ्ख्या कम हुन सक्दछ । यातायातका साधनमा स्वच्छ ऊर्जाको स्तरोन्नति गरेर वायु प्रदुषण कम गर्न सकिन्छ र यसले मानिसहरूलाई सहज तरिकाले पैदल यात्रा, साइकल यात्रा गर्न तथा असङ्क्रामक (नसर्ने) रोगहरूको जोखिमबाट बच्न प्रोत्साहित गर्दछ ।

## राष्ट्रिय जलवायु परिवर्तन स्वास्थ्य अनुकुलन रणनीतिको आवश्यकता

जलवायु परिवर्तनको चुनौतीलाई सम्बोधन गर्नका निम्ति करिब दुई दशक अगाडि अर्थात सन् १९९२ अघि तयार भएको जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (United Nations Framework Conventions on Climate Change,UNFCCC) को नेपाल पक्षराष्ट्र हो । उक्त महासन्धिको धारा १ ले स्वास्थ्यलाई जलवायु परिवर्तनले प्रतिकूल प्रभाव परेको क्षेत्रका रुपमा राखेको छ र यसको धारा ४ मा तत् सम्बन्धी अनुकूलन र हरितगृह ग्यास न्यूनीकरणका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न सदस्य राष्ट्रहरू प्रतिबद्ध हुनु पर्ने व्यवस्था छ । युएनएफसिसिसि र सन् १९९७ मा अपनाइएको यसको क्योटो प्रोटोकलले जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय प्रक्रिया र एजेन्डालाई कानूनी स्वरूप प्रदान गरेको छ । दुवै कानूनी प्रावधानहरूलाई जलवायु परिवर्तन सचिवालय अथवा युएनएफसिसिसिको सचिवालयले पक्षराष्ट्रहरूको सम्मेलनमा उत्तरदायी भएर प्रत्येक वर्ष जलवायु परिवर्तनको अन्तराष्ट्रिय एजेन्डा र सम्बन्धित पक्षराष्ट्रका प्रतिबद्धतामा अझ बढी छलफल गर्दछ ।

युएनएफसिसिसिका पक्षराष्ट्रहरूले विकासोन्मुख देशहरूलाई तिनीहरूको नाममा खडा भएको विकास कोषबाट राष्ट्रिय अनुकूलन योजनाको तर्जुमा तथा कार्यान्वयन गराउन आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । विकसित राष्ट्रहरूले विकासोन्मुख मुलुकका लागि छुट्याएको अनुकूलन कोष सबैको पहुँचमा हुनु पर्दछ । विकासोन्मुख देशहरू हरित जलवायु कोष (Green Climate Fund) बाट अनुकूलन तथा समानुकूलन (Adaptation and resilient) कार्यक्रमहरू कार्यान्वयनका लागि अनुदान प्राप्त गर्न सक्दछन् । नेपालले नगन्य मात्रामा हरितगृह ग्यास उत्सर्जन गरेपनि यसले जलवायु परिवर्तनको नकारात्मक असरको सामना गर्न आफ्नो सामर्थ्य र दृढता बढाउनु पर्दछ । युएनएफसिसिसिको सन् २०१० मा क्यानकनमा भएको बैठकले राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan, NAP) बनाई प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरेको छ । राष्ट्रिय अनुकूलन योजनाका उद्देश्यहरूमा १) अनुकूलन क्षमता तथा समानुकूलित विकास मार्फत् जलवायु परिवर्तनजन्य संकटासन्नता/जोखिमहरू घटाउनु, २) उपयुक्त क्षेत्र र विभिन्न तहमा भएका नयाँ योजना, रणनीति, कार्यक्रम तथा गतिविधिसँग अनुकूलन तथा समानुकूलनसँग सम्बन्धित विषयहरूलाई सहजिकरण गर्नु र ३) राष्ट्रिय अनुकूलन योजनाले विकासोन्मुख राष्ट्रहरूको

चाहना अनुरुप मध्यम तथा लामो अवधी समयसम्मको अनुकूलन कार्यक्रमहरूलाई सम्बोधन गर्न सहयोग पुऱ्याउनु रहेका छन् । सोही निर्णयले स्वास्थ्य क्षेत्रलाई अनुकूलन कार्यको उच्च प्राथमिकतामा राख्ने निर्णय गरेको छ ।

स्वास्थ्य क्षेत्रका लक्ष्य प्राप्त गर्न स्वास्थ्य क्षेत्रलाई महत्वपूर्ण अंगको रुपमा राष्ट्रिय अनुकूलन योजनाले प्रतिनिधित्व गर्नु पर्दछ । स्वास्थ्य क्षेत्रलाई अनुकूलन योजनामा समाविष्ट नगरेको खण्डमा यसले मानव स्वास्थ्यलाई संरक्षण गर्ने महत्वपुर्ण अवसर गुमाउनेछ । त्यसैले स्वास्थ्य क्षेत्रलाई प्रभावकारी रुपमा सम्बोधन गर्न राष्ट्रिय अनुकूलन योजना अन्तर्गत राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना (H-NAP) हुनु पर्दछ । स्वास्थ्य अनुकूलन योजना कुनै निश्चित अवधिभित्र उपलब्ध स्रोत र साधनको प्रयोग गरेर राष्ट्रिय स्वास्थ्य अनुकूलन उद्देश्य प्राप्तिका निम्ति तयार गरिएको छ । राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना तर्जुमा गर्दा विकासोन्मुख राष्ट्रका विज्ञ समूह (Least Developed Country Expert Group, LEG) द्वारा तयार पारिएको निर्देशिकामा उल्लिखित सिद्धान्तहरूको अवलम्बन गरिएको छ । ती सिद्धान्तहरू निम्न् अनुसार छन् ।

- राष्ट्रिय अनुकूलन योजना राज्यद्वारा तर्जुमा गरिन्छ र यसको पूर्ण स्वामित्व राज्यले लिन्छ ।
- स्वास्थ्य अनुकूलन योजना तर्जुमा गर्दा सबभन्दा उपयुक्त र उपलब्ध प्रमाणका आधारमा गरिनु पर्दछ ।
- जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन कार्यक्रमहरूको निर्माण तथा कार्यान्वयन विद्यमान स्थानीय तथा राष्ट्रिय प्रयासहरूमा नै समावेश गरिनु पर्दछ ।
- जलवायु परिवर्तन स्वास्थ्य अनुकूलनतालाई राष्ट्रिय स्वास्थ्य योजना रणनीति, प्रक्रिया र मुल्याङ्कन पद्धतिमा समावेश गरिनु पर्दछ ।
- जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन लचिलो र विषय वस्तु सान्दर्भिक हुनु पर्दछ । राष्ट्रको अवस्था, उपलब्ध सूचना तथा जलवायु परिवर्तनको अनुभवको आधारमा, संस्थागत प्रबन्ध तथा आवश्यक स्रोत साधन जुटाई राष्ट्रिय स्वास्थ्य अनुकूलन नीतिको स्वास्थ्य क्षेत्रमा प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।
- स्वास्थ्य अनुकूलन योजनाले समग्र राष्ट्रिय अनुकूलन प्रणालीसँग समन्वय गर्ने सुनिश्चितता हुनुपर्दछ ।

## नेपालमा जलवायु संवेदनशील स्वास्थ्य जोखिमहरू

जलवायु परिवर्तन जनित असरलाई सम्पूर्ण नेपाली जनता तथा नेपालका धेरै जसो क्षेत्रमा अनुभव गर्न थालिएको छ । ती क्षेत्रमध्ये राष्ट्रिय अनुकूलन कार्यक्रमले जनस्वास्थ्यलाई अत्यधिक जोखिममा रहेको क्षेत्रका रुपमा पहिचान गरेको छ । जलवायु परिवर्तन अथवा विषमताका कारण स्वास्थ्य क्षेत्रमा दूषित पानी र खाना, वायु प्रदूषण, र पोषणको कमीबाट उत्पन्न हुने रोग, चोटपटक तथा मनोरोगहरू जस्ता समस्याहरू बढिरहेका छन् । तर सम्बन्धित रोगका बारेमा अनुसन्धान भने कमै भएको पाइन्छ । नेपाल जस्तो विकासोन्मुख र पर्वतीय भूभाग बढी भएको मुलुकमा जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी खोज तथा अनुसन्धान गर्न विभिन्न चुनौतीहरू देखिएका छन् । जस्तै, तालिम प्राप्त मानव स्रोतको कमी, कमजोर आर्थिक अवस्था, तथ्याङ्कको अभाव र उपयुक्त अध्ययन विधिको कमी आदि । नेपालमा भएका कीट विज्ञान तथा महामारी रोग सम्बन्धी अनुसन्धान अनुसार जलवायु परिवर्तनका प्रारम्भिक असर कीटजन्य रोगहरूमा टड्कारो देखिएको छ । यी रोग तथा त्यसका वाहक लामखुट्टे तथा भुसुनाका प्रजाति उच्च पहाडी भूभागमा समेत फैलिएको पाइएको छ । जलवायु परिवर्तनका असरलाई विगत तीन दशकको औसत तापक्रम र वर्षामा वृद्धि तथा अत्यधिक मौसमी फेर बदलका रुपमा देख्न सकिन्छ र यस्तै असरहरू शताब्दीको अन्त्य सम्म पनि देख्न सकिने अनुमान गरिएको छ । यस्ता परिवर्तनले प्रत्यक्ष रुपमा मानवीय स्वास्थ्यमा वा अप्रत्यक्ष रुपमा रोग सार्ने कारकहरूमा र समग्रमा स्वास्थ्य स्थितिमा विचलन ल्याउन सक्दछन् ।

विश्वव्यापी अध्ययन अनुसन्धानबाट प्राप्त गरिएका प्रमाणहरु तथा वैज्ञानिकहरु बिचको सहमति अनुसार यदि जलवायु परिवर्तन यही गतिमा भैरहने हो भने, जलवायु परिवर्तन नभएको अवस्थासँग तुलना गर्दा अस्वस्थता र रोगहरूको भार नेपालका विभिन्न भागमा बढ्ने देखिन्छ ।

१) लु र लेक लाग्नाले, बाढी तथा पहिरो र आगलागीका घटनाले घाइते, रोगी र मृत्युको जोखिम बढ्ने छ,
२) स्रोत र साधनको कमीका कारण खाद्य उत्पादन घटेर कुपोषणको जोखिम बढ्ने छ,
३) जोखिममा परेको जनसङ्ख्याको स्वास्थ्यमा हुने असरका कारण कामदारको कार्य क्षमतामा ह्रास आउनेछ,
४) पहिले महामारी नफैलिएको पहाडी क्षेत्रमा दूषित पानी, सडेगलेको खाना तथा कीटजन्य रोगहरूको सङ्क्रमणको जोखिम बढ्न सक्छ,
५) उच्च पहाडी भेगमा धेरै चिसोपनका कारण हुने रुग्णता र मृत्युदर केही हद सम्म घट्ने छ,
६) दक्षिण तराईका भूभागमा चिसोपन बढेर हुने रुग्णता र मृत्युदर बढ्नेछ, र
७) तराईमा कीटहरूको रोग सार्ने सामर्थ्य तातोपन बढ्नाले केही घट्नेछ ।

यी असरहरूको व्यवस्थापन गर्न सबै तहका सरकारी तथा गैर सरकारी समुदायको प्रयास, शैक्षिक संस्थाबीच सहमति तथा विदेशी सहयोगको नयाँ आयामको आवश्यकता पर्दछ । असर न्यूनीकरणका लागि स्थानीय समुदायको संलग्नतामा मुल्याङ्कन, छलफल, वकालत तथा सहयोगको अत्यधिक आवश्यकता पर्दछ ।

## जलवायु परिवर्तनले स्वास्थ्यमा पर्ने असर, जोखिम तथा अनुकूलनको मूल्याङ्कन

जलवायु परिवर्तन र जोखिमता सम्बन्धी अध्ययन सन् २०१० ले नेपाललाई जोखिममा परेको चौथो मुलुकका रुपमा राखेको छ । त्यसकारण, जलवायुमा भएको परिवर्तनले स्वास्थ्यमा निम्त्याउने जोखिमलाई घटाउन अनुकूलता रणनीति निर्माण गर्न आवश्यक देखिन्छ । समान्यतया संकटासन्नाता (Vulnerability) ले तीन अवयव (component) हरूलाई निर्देशित गर्दछ : जोखिम, संवेदनशीलता र अनुकूलन । पहिलो दुई पक्षले समग्रमा सम्भावित प्रभावलाई प्रतिनिधित्व गर्दछन् भने, अनुकूलन क्षमताले असरहरू हटाउन सक्दछ । त्यसैले जोखिम भनेको सम्भावित प्रभाव र अनुकूलन क्षमताको भिन्नता हो ।

नेपालमा सङ्कटासन्नता र अनुकूलनता मुल्याङ्कनका लागि जलवायु परिवर्तनका कारण स्वास्थ्यमा पर्ने असरलाई तीन वटा समूहमा वर्गीकरण गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक अध्ययन प्रतिवेदन तयार गरेको छ । ती समूहहरु निम्न् बमोजिम छन् :

१) मौसममा हुने चरम परिवर्तनले स्वास्थ्यमा पर्ने असर जस्तै लू लाग्नु तथा लेक लाग्नु, २) कीटजन्य रोगहरू जस्तै औलो तथा डेङ्गी र ३) झाडापखाला । माथि उल्लेखित अध्ययनबाट प्राप्त मुख्य निष्कर्ष निम्न् अनुसार रहेका छन् :

– नेपालको सम्पूर्ण भूभाग मध्ये तीन चौथाई (३/४) भाग ओगटेको पहाडी र हिमाली भेगमा सम्पूर्ण भूभागको करिब ५० प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् र उक्त भागको बनोट भौगोलिक रुपमा कमजोर छ । हिमाल र पहाडमा गरेर जम्मा ५५ वटा जिल्लाहरू रहेका छन् । जसमध्ये २२ वटा जिल्लाले लगभग ४५ प्रतिशत भूभागलाई ओगटेको छ र तीनलाई नेपाल सरकारले विकट र सीमान्तकृत जिल्ला भनेर परिभाषित गरेको छ । भिरालोपन ३० डिग्री भन्दा माथि भएका ती सीमान्तकृत क्षेत्रहरू विकट धरातल, बाटोको पहुँच भन्दा टाढा,

पातलो बस्ती र सामाजिक-आर्थिक पूर्वाधारहरु जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा पिछडिएका छन् । बाँकी एक चौथाई भूभाग तराई प्रदेशले ओगटेको छ र ५० प्रतिशत भन्दा बढी मानिसहरूको वासस्थान रहेको छ ।

– नेपालको जनसङ्ख्या विगतका दशकमा भन्दा तीव्र गतिमा बढिरहेको छ । यसका साथै सहरी जनसङ्ख्या पनि तीव्रता पूर्वक वृद्धि भैरहेको छ । नेपालको जनघनत्व सन् २००१ मा प्रति वर्ग किलोमिटर १५७ जना थियो भने सन् २०११ मा प्रति वर्ग किलोमिटरमा १८१ जना रहेको छ । नेपालमा महिला र पुरुष दुवैको औसत आयु बढेको छ । जनघनत्व पाँच वर्ष मुनिका बालबालिका, वृद्ध-वृद्धा, लैङ्गिकता, संरक्षित क्षेत्र तथा वनजङ्गललाई सूचाङ्कहरू मानी विश्लेषण गर्दा पश्चिमाञ्चलका हिमाली जिल्लाहरू बढी संवेदनशील देखिएका छन् । त्यसपछि, मध्यमाञ्चलका पहाडी जिल्लाहरू र पूर्वी तराई रहेका छन् ।

– जल तथा मौसम विज्ञान सम्बन्धी सूचांकहरु तापक्रम, वर्षा, जलवायुले निम्त्याउने प्रकोप, बाढी पहिरो, हिमनदीको विस्फोटन, मरुभूमिकरण, पानीका स्रोतहरु सुक्ने, सुख्खापन आदि झाडापखाला, स्वास-प्रश्वास सम्बन्धी रोग र औलो रोगसँग सम्बन्धित छन् । सूचाङ्कको विश्लेषणले मध्य र सुदूर पश्चिमका पहाडी भूभाग धेरै जोखिममा पाइएको छ । त्यसपछि पश्चिमी पहाडी क्षेत्र र मध्यपूर्वी तराई रहेका छन् ।

– अनुकूलन सामार्थ्यमा पर्ने सामाजिक-आर्थिक सुचकहरु जस्तै समृद्धिको अवस्था (Wealth quintile) लैङ्गिक सशक्तिकरण, गरिबी, साक्षरता, पोषण र खाद्य सन्तुलन; विकासका पूर्वाधारका सुचकहरूमा बाटो, सञ्चार, खाने पानीको सुविधा, सरसफाइ र शिक्षा; प्रविधिका सुचकहरूमा रेडियो/टिभि, टेलीफोन/मोबाइल, साइकल/मोटरसाइकल; स्वास्थ्य सेवा सुविधाका सुचकहरूमा स्वास्थ्य सेवाको पहुँच र मानवीय स्वास्थ्य स्रोत आदि पर्दछन् । त्यसैगरी नेपाल सरकारको जवाफदेहिताका सूचकहरूमा स्वास्थ्य सेवा प्रणाली, जनचेतनामूलक कार्यक्रमहरू, नीति निर्माणका परिणाम परेका छन् । तुलनात्मक रुपमा मध्य तथा सुदूरपश्चिमाञ्चलका पहाडी जिल्लामा अनुकूलन क्षमता एकदमै कम भएको पाइएको छ ।

– सङ्कटासन्नताको एकीकृत विश्लेषण गर्दा ३८ जिल्ला बढी सङ्कटासन्न रहेका मान्न सकिन्छ भने बाँकी जिल्लाहरूलाई कम सङ्कटासन्न क्षेत्रका रुपमा लिन सकिन्छ । जिल्लाहरूलाई सङ्कटासन्नताको परिमाणका आधारमा विश्लेषण गर्दा पश्चिम नेपालका तीन, पूर्वी र मध्य पश्चिम समूह गरी दुई र सुदूर पश्चिमका हिमाली क्षेत्रका दुई जिल्ला गरी कूल सात जिल्ला उच्च सङ्कटासन्नताको परिधि भित्र पाइएका छन् । अनि पश्चिमी पहाडी भागका पाँच र मध्य पहाडी भागका चार जिल्ला भने न्यून सङ्कटासन्न क्षेत्रका रुपमा पाइएका छन् ।

– हिमताल अचानक फुटेर आउने बाढी (GLOFs) जस्ता विशेष प्रकोपको संवेदनशीलता विश्लेषणका सर्न्दभमा, पूर्वी हिमाली क्षेत्र र मध्य तथा पश्चिमी उच्च पहाडी क्षेत्रका केही भाग अति संवेदनशील पाइएका छन् । पहिरोको सर्न्दभमा, सबै पहाडी तथा हिमाली क्षेत्र विभिन्न चरणको उच्च सङ्कटासन्न अवस्थामा पाईएका छन् । यसैगरी बाढीका सर्न्दभमा, लगभग सम्पूर्ण तराई अति सङ्कटासन्न क्षेत्रका रुपमा रहेको छ । सुख्खाग्रस्त क्षेत्रका हकमा, मूलतः मध्य तथा सुदूरपश्चिमका सबै पहाडी र उच्च पहाडी क्षेत्र संकटासन्न रहेका छन् । सामाजिक-आर्थिक अवस्था जस्ता अनुकूलन क्षमताका सन्दर्भमा, मध्य तथा सुदूरपश्चिम र देशका बाँकी भागका अंशअंशलाई अति सङ्कटासन्न क्षेत्रका रुपमा पाइएको छ ।

– औलो, हात्तीपाइले, जापानिज इन्सेफलाइटिस, कालाजार जस्ता कीटजन्य रोगका सर्न्दभमा, कूल जनसङ्ख्याको ५२% औलो, ८७% हात्ती पाइले, ५४% जापनिज इन्सेफलाइटिस र ३०% कालाजारप्रति अति संवेदनशील पाइएको छ । तर पानी तथा खाद्यजन्य रोग र नसर्ने रोगका सर्न्दभमा भने शतप्रतिशत जनसङ्ख्या पाइएको

छ । उपरोक्त तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने, अति सङ्कटासन्नता सम्बन्धी तहमा सुधार गरेपनि नेपाल समष्टिगत रूपमा सङ्कटासन्न मुलुकको रूपमा रहेको देखिएको छ ।

– जलवायु परिवर्तनका सन्दर्भमा संकटासन्नता जनसङ्ख्याको प्रकृति, भौगोलिकता, आवासको प्रकार, पेसाकर्मीको समूह र राजनीति तथा सांस्कृतिक पक्षद्वारा निर्देशित हुन्छ अथवा यी पक्षले संकटासन्नताको भिन्नतामा प्रभाव पार्दछन् । रोकथाम, उपचारात्मक, प्रर्वद्धनात्मक र पुनर्स्थापना जस्ता विभिन्न उपायहरूको जनस्वास्थ्य क्षेत्रद्वारा अवलम्बन गरिएको छ । अवलम्बन गरिएका यी उपाय विभिन्न प्रकरणका रोगबाट बच्न र बचाउनका निम्ति अपनाइएका थप रणनीति अन्ततः व्यक्ति वा समुदायको अनुकुलन क्षमता वृद्धि गर्ने मनसायबाट प्रेरित रहेको छ । जलवायुप्रति संवेदनशील रोगहरुका लागि अङ्गिकार गरिएका अनुकूलनका उपायहरूको व्यक्तिगत, समुदायगत र नीतिगत स्तरमा सम्बोधन गर्नुपर्ने आवश्यकता छ ।

– नेपालको सङ्कटासन्नता स्थानीय स्रोतको उपलब्धता, संस्थागत सुव्यवस्थापन, जनस्वास्थ्य सम्बन्धी पूर्वाधारको गुणस्तरीयता र चरम मौसमी सङ्कटका विषयमा स्थानीय सूचनामा पहुँच आदिसँग जोडिएको छ । यी तत्व स्थानअनुसार फरकफरक हुने हुँदा अति संवेदनशील जनसङ्ख्या भिन्न भिन्न प्रकारले प्रभावित भइरहेका हुन्छन् । भिन्नता पनि भौगोलिकता, जनसाङ्ख्यिकीय प्रकृति, सामाजिक र आर्थिक पक्षद्वारा निर्देशित हुन्छ । जलवायुको विषमता र परिवर्तन प्रति अनुकूलन क्षमता कम भएकाले क्षमता बढी भएको समुदाय भन्दा बढी संवेदनशील समुदाय सहजै प्रभावित हुने गर्दछन् । तसर्थ अनुकूलन क्षमता वृद्धि गरी स्वास्थ्य स्तरमा वृद्धि गर्न र सम्बन्धित क्षेत्रको अति संवेदनशीलता कम गर्न ती क्षेत्रमा तत्काल कार्यक्रम सहित संवोधन गर्नुपर्ने आवश्यकता छ । यसका साथै कम संवेदनशील जिल्लाहरूमा पनि मध्यकालीन र दीर्घकालीन उपाय तथा रणनीति अवलम्बन गर्नुपर्ने आवश्यकता प्रष्टिन्छ ।

– जलवायु परिवर्तनद्वारा सबै व्यक्ति वा समुदाय प्रभावित भइरहेका हुन्छन् । तर सबै उत्तिकै वा समान रुपमा प्रभावित हुँदैनन् भन्ने कुरा भौगोलिक अवस्था, स्वास्थ्य प्रणाली प्रतिको पूर्वतयारी अथवा तत्परता, स्वास्थ्य अवस्था, उमेर, सामाजिक वर्ग र त्यसलाई सहायता पुऱ्याउने तत्परता आदि जस्ता पक्षहरूमा निर्भर गर्दछ । जलवायु परिवर्तनले गरिबी वा यसको रेखामुनि रहेका व्यक्ति वा समुदायको स्वास्थ्य अवस्थालाई अझ बिगार्न सक्दछ । तसर्थ जलवायु परिवर्तन स्वास्थ्यसँग पनि अभिन्न रुपमा जोडिएकाले यसको समुचित रुपमा सम्बोधन आजको अपरिहार्य आवश्यकता हो ।

## नेपालमा जलवायु संवेदनशील स्वास्थ्य-जोखिम सम्बोधनार्थ राष्ट्रिय नीति, योजना र रणनीति

### नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ धारा ३०(१) ले प्रत्येक व्यक्तिले स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ भने, धारा ३०(२) मा कानुनले प्रदान गरे अनुसार वातावरणीय प्रदूषण र क्षयबाट पीडितले प्रदूषक र क्षयकर्त्ताबाट क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गरेको छ । त्यसैले नेपालको संविधान २०७२ मा हरित गृह ग्यास उत्सर्जनका कारण हुने हानी वा क्षति स्वरुप, राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुन, सम्झौता, सन्धिअनुसार क्षतिपूर्तिको हकदार हुने स्पष्ट व्यवस्था गरिएको छ । त्यस्तै धारा ३५(१) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक, ३५(२) ले प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक, ३५(३) ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक र ३५(४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको छ ।

## जलवायु परिवर्तन नीति २०६७

यस नीतिले युएनएफसिसिसिका सदस्यहरूलाई तत्सम्बन्धी कार्यान्वयन बारे सूचित गर्दछ । यसले सामाजिक-आर्थिक विकास र जलवायु परिवर्तन सम्बन्धी पूर्वाधार विकासका लागि जलवायु परिवर्तन जनित जटिल असरहरूको न्यूनीकरणका उपायहरूको प्रर्वद्धन, वातावरणमा कार्बन स्तरको सन्तुलन र जलवायु मैत्री प्राकृतिक स्रोत व्यवस्थापन आदि जस्ता पक्षहरूको कार्यान्वयनमा जोड दिएको छ । यस नीतिले जलवायु परिवर्तनका विविध पक्ष र योजना तथा विकास कार्यक्रम र यसको कार्यान्वयनलाई एकीकरण गर्ने लक्ष्य लिएको छ । जलवायु परिवर्तन केन्द्रको स्थापना, हरित गृह ग्यास उत्सर्जनको न्यूनीकरण, नवीकरणीय ऊर्जाको प्रवर्द्धन, जलवायु परिवर्तन जनित जटिल असर हरूबाट सुरक्षित रहन अनुकूलन क्षमताको अभिवृद्धि र राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) को अवधारण अनुरुप समुदायमा आधारित स्थानीय अनुकुलन योजना, वर्तमान र भविष्यमा जलवायु परिवर्तनका सम्भावित असरका विषयमा पूर्वानुमान गर्न सक्ने क्षमता अभिवृद्धि, वातावरण मैत्री प्रविधिको प्रवर्द्धन र फोहर मैला व्यवस्थापन आदि उद्देश्य लिएको यस नीतिले रणनीतिक योजनाका निम्ति प्रमुख भूमिका निर्वाह गर्न सक्दछ । जलवायु परिवर्तन नीति २०६७ ले विषय-क्षेत्रगत रुपमा कार्यदल गठन गर्ने र विभिन्न क्षेत्रका नीतिहरूसँग यस नीतिलाई एकिकृत गर्ने थप उद्देश्य राखेको छ । यस बाहेक उक्त नीतिले प्राकृतिक प्रकोप र महामारी विरुद्ध लड्न सक्ने पूर्वतयारी वा तत्परता कार्यक्रम लागू गर्ने, जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रमको नियमित कार्यान्वयन, नेपालका निम्ति उपयुक्त जलवायु पूर्वानुमान मोडेलहरूको विकास र क्षेत्रीय जलवायु परिवर्तन प्रभावित क्षेत्रमा कृषि तथा प्राकृतिक प्रकोप बिमा लागू गर्ने र समुदायमा लागू गरिने जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमका निम्ति जलवायु परिवर्तन कोषबाट कम्तीमा ८० प्रतिशत रकम सिधै स्थानीय स्तरमा सञ्चालित कार्यक्रम क्षेत्रमा पठाउने व्यवस्था मिलाएको छ ।

## राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ (NAPA 2010)

जलवायु परिवर्तन अनुकूलन मापदण्डको परिधि भित्र रहेर राष्ट्रिय अनुकूलन कार्यक्रम सरोकारवालाहरूसँगको व्यापक छलफलबाट तयार गरेको छ । नापाको दस्तावेजमा कृषि तथा खाद्य, जलवायुजन्य प्रकोप, सहरी आवास-व्यवस्था तथा पूर्वाधार, जनस्वास्थ्य, वन तथा जैविक विविधता र जलस्रोत तथा ऊर्जा गरी जम्मा ६ वटा विषय समूह समाविष्ट छन् । उल्लिखित प्रत्येक विषय-समूह अन्तर्गत अनुकूलनका विकल्प सूची अति संवेदनशीलताको विश्लेषण र विषयगत कार्य टोलीको कार्यपछि तयार भएको हो । यसक्रममा प्राथमिकता सम्बन्धी अभ्यास पनि भएको थियो र उक्त प्राथमिकतामा तोकिएका ९ परियोजना मध्ये एक हो, जनस्वास्थ्यमा जलवायु परिवर्तनका कारण उत्पन्न चुनौतीहरू र त्यसको सम्बोधन । नापाले जनस्वास्थ्यलाई भिन्नै विषयका रुपमा विश्लेषण गरेर महत्व दिई जलवायु परिवर्तन सम्बन्धी चुनौतीहरूको सम्बन्धमा निम्न् लिखित गतिविधिको प्राथमिकिकरण गरेको छ ।

१. अनुसन्धानबाट प्राप्त प्रमाणहरूमा आधारित जनस्वास्थ्य कार्यक्रमहरू मार्फत् जलवायु परिवर्तनजन्य प्रभावहरू न्यून गर्ने ।

२. शिक्षा वा चेतना अभिवृद्धिद्वारा जनस्वास्थ्यमा जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूबारे जन समुदायलाई सचेत गर्ने ।

३. रोग-प्रकोप एवं आपतकालका निम्ति लगानी वृद्धि गर्ने ।

४. कीट, जल र खाद्यजन्य रोग र विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको प्रवर्द्धन गर्ने ।

५. जलवायु परिवर्तन तथा स्वास्थ्य सम्बन्धी पूर्वानुमान, पूर्व सतर्कता तथा सर्वेक्षण/निगरानी प्रणालीको सशक्तिकरण गर्ने ।

नापाले पहिचान गरेका अनुकूलन रणनीति जनस्वास्थ्यमा जलवायु परिवर्तन एवं यसका विषमताले जन्माउने प्रभाव र समस्याको तथ्यगत विश्लेषण र ज्ञानका निम्ति अध्ययन-अनुसन्धानको अनिवार्यता लगायत भविष्यमा उक्त रणनीतिको निरुपणमा केन्द्रित छ । यसमा नापाका सबै अनुकूलन रणनीति स्थानीय समुदायमा चेतना अभिवृद्धि र स्वास्थ्य सेवा प्रणालीको सशक्तिकरणमा पनि केन्द्रित रहेको छ । अन्य विषय-समूह जस्तै जल तथा ऊर्जा, वन तथा जैविक विविधता, कृषि, जलवायु परिवर्तनजन्य विपत्ति आदिका लागि पनि अनुकूलनताका कारण उत्पन्न प्रभाव र समस्याप्रति सुरक्षात्मक हुन सान्दर्भिक छ र जसले अन्तरक्षेत्रीय सहकार्यको आवश्यकतालाई पनि इङ्गित गर्दछ ।

**स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०६८ (Local Adaptation Plan of Action, LAPA 2011)**

राष्ट्रिय तथा स्थानीय विकास योजना प्रक्रियामा जलवायु अनुकूलनका कार्यहरू समायोजन गरी जलवायु समानुकूलनताको अवस्था सिर्जना गर्नु स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य रहेको छ । राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्क्योल गरेको प्राथमिक कार्यक्रम मार्फत् अनुकूलनका सेवा प्रवाह गर्न यो संरचनाले सहयोग पुग्ने अपेक्षा गरिएको छ । लापाको रुपरेखाले जलवायु अनुकूलन र यसका प्रभावको पुनरावृत्तिलाई स्थानीय र राष्ट्रिय योजनाको प्रक्रियामा एकिकृत गराउने सुनिश्चितता प्रकट गर्दछ । लापाको कार्य जलवायु प्रति अति संवेदनशील समुदायको पहिचान, अनुकूलनताको पहिचान तथा प्राथमिकता निर्धारण, लापा योजना बनाई यसलाई स्थानीय स्वायत शासन ऐन २०५५ अनुरुप स्थानीयकरण, राष्ट्रिय योजनासँग एकिकृत गर्ने, उपयुक्त सेवा प्रदायकहरूको पहिचान गरी परिचालन गर्ने, क्रमबद्व रुपमा अनुकूलन सम्बन्धी गतिविधि कार्यान्वयन गर्ने, योजनाको प्रभावकारी कार्यान्वयनका निम्ति अनुगमन तथा मूल्याङ्कन कार्यलाई सक्रिय रुपमा सम्पादन गर्ने, जलवायु परिवर्तन अनुकूलनताका लागि लापालाई स्थानीय अनुकूलन कार्य योजना र सबै क्षेत्रगत विकास योजना बीच एकीकरणको आवश्यकता अनुभव गरिएको छ ।

**राष्ट्रिय स्वास्थ्य नीति २०७१**

बिना कुनै सामाजिक विभेद, नेपाली जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने हेतुले राष्ट्रिय स्वास्थ्य नीति वि.सं. २०४८ को परिमार्जन गरी राष्ट्रिय स्वास्थ्य नीति २०७१ को तर्जुमा गरिएको हो । मानिसले स्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न पाउनु पर्ने नैर्सगिक अधिकारलाई सुनिश्चित गर्ने यस नीतिको लक्ष्य रहेको छ । यसैगरी, स्वास्थ्य क्षेत्रका विभिन्न साझेदारहरू सँगको थप सहकार्यलाई सशक्त बनाउँदै स्वास्थ्यलाई देशका सबै नीतिहरूको मूलधारमा क्रमिक रुपमा ल्याउने नीति छ । यसका लागि निम्न् लिखित रणनीतिको अवलम्बन गरिएको छ ।

- देशका सबै सम्बन्धित नीतिहरूमा स्वास्थ्य सम्बन्धी कार्यसूची (Agenda) समाविष्ट गर्ने ।
- स्वास्थ्यमा जलवायु परिवर्तनका नकारात्मक असरहरूको समष्टिगत व्यवस्थापनका निम्ति सबै साझेदार हरूसँगको सहकार्यमा र राष्ट्रिय सन्जाल (Networks) तथा प्रक्रिया (Mechanism) वा अवसरहरूको सही उपयोग गरी बहु-क्षेत्रगत योजना तयार गर्ने ।
- स्वच्छ/सुरक्षित खानेपानी, सरसफाई, ऊर्जा, खाद्य सुरक्षा, जलवायु, वातावरण, शिक्षा, आवास, सडक सहित पूर्वाधार विकास आदि जस्ता विभिन्न पक्षबीच समन्वय हुनेगरी बहु-क्षेत्रगत योजना बनाई कार्यान्वयन गर्ने, जसबाट मुलुकको स्वास्थ्य सेवा लाभान्वित हुनेछ ।

**राष्ट्रिय जनसङ्ख्या नीति २०७१**

यसमा वातावरणीय तथा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिलाई ध्यानमा राख्दै बस्तीहरूको जोखिमको मात्राको अध्ययन गरी आवश्यक कार्यक्रम प्रभावकारी रूपले अघि बढाउन सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिने उल्लेख छ ।

**नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७**

यो रणनीतिले वि.सं. २०७७ सम्मको अवधिमा स्वास्थ्य सम्बन्धी सामाजिक सुचकहरू सम्बोधन गर्न बहु-क्षेत्रीय सहकार्यलाई ध्यान दिएको छ । राष्ट्रिय योजना आयोगको अति महत्वपूर्ण योजना र अनुगमनको रुपरेखामा निर्मित र राष्ट्रिय स्वास्थ्य नीति वि.सं. २०७१ बाट निर्देशित भएर उपरोक्त रणनीति निर्माण गरिएको हो । यो रणनीतिमा मुलुकको प्रतिबद्धता 'सबैका निम्ति स्वास्थ्य' सँग जोडिएको छ र यसले जलवायु परिवर्तनका सम्बन्धमा बहु-क्षेत्रीय सहकार्यको अवधारणमा जोड दिएको छ ।

## परिकल्पना, ध्येय र लक्ष्य

परिकल्पना : जलवायु समानुकूलन स्वास्थ्य प्रणाली मार्फत् नेपालमा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने समस्याबाट मानव स्वास्थ्यको संरक्षण गर्ने ।

ध्येय : सरकारी, निजी तथा नागरिक समाजसँग सम्बन्धित संघ संस्था र विकास साझेदार बीच उत्कृष्ट साझेदारी निर्माण गरी समावेशी प्रक्रिया अन्तर्गत स्वास्थ्य क्षेत्रको क्षमता अभिवृद्धि गरी जलवायु परिवर्तनले स्वास्थ्यमा पार्ने नकारात्मक असरलाई सम्बोधन गर्ने ।

लक्ष्य : जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने नकारात्मक असर कम गर्न संकटासन्नता (Vulnerability) लाई घटाउने र अनुकूलनता (Adaptation) सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।

## जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन रणनीतिका राष्ट्रिय रणनीतिक उद्देश्यहरू

सङ्घीय गणतान्त्रिक नेपालमा मानवीय स्वास्थ्यमा जलवायु परिवर्तनको कारण उत्पन्न हुने असरहरू घटाउन, जोखिम न्यूनीकरण तथा अनुकूलताका उपायहरू बढाउन निम्न् लिखित विशिष्ट उद्देश्यहरू रहने छन् ।

१. जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,
२. जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी नीति तथा कार्यक्रमलाई तथ्य परक ढङ्गले तर्जुमा तथा परिमार्जन गर्न निरन्तर रुपमा खोज, अनुसन्धान गर्ने,
३. जलवायु परिवर्तनजन्य सङ्क्रामक रोग (कीट, जल, वायु र खाद्यजन्य) तथा कुपोषणका कारण उत्पन्न रूग्णता (Morbidity) र मृत्युदर (Mortality) को न्यूनीकरण गर्ने,
४. जलवायुजन्य चरम घटनाका कारण उत्पन्न जोखिमहरूको व्यवस्थापन गर्न सहयोग गर्ने,
५. बहु-क्षेत्रगत सहकार्यद्वारा सबै किसिमका नीतिमा स्वास्थ्यलाई समाविष्ट गरेर जलवायु परिवर्तनका कारण पर्ने असरबाट मानव स्वास्थ्यलाई सुरक्षा प्रदान गर्ने ।

## परिमाणात्मक लक्ष्य

जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन रणनीति कार्यान्वयनबाट २०७७ सम्ममा हासिल गर्ने गरी निम्न् लिखित लक्ष्यहरू (Targets) अङ्गिकार गरेको छ :-

१. देशका ७५ वटै जिल्लामा जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा जलवायु परिवर्तन र यसका स्वास्थ्य असर सम्बन्धी विषयवस्तुहरू समावेश गरी अध्यापन गर्ने ।

३. कम्तीमा ५०० जना स्वास्थ्यकर्मीहरुलाई जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गर्ने ।

४. जलवायुजन्य रोग तथा जोखिमहरूको अभिलेखमा सुधार गरी नियमित रुपमा रिपोर्टिङ्ग गर्ने व्यवस्था गर्ने ।

५. जलवायु परिवर्तन र स्वास्थ्य तथ्याङ्क विश्लेषणसम्बन्धी कम्तीमा २५० जना अनुसन्धानकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने ।

६. जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी विषयमा कम्तीमा १० वटा राष्ट्रिय स्तरका अनुसन्धान गरी प्रतिवेदन तथा अनुसन्धानात्मक लेखहरू प्रकाशित तथा प्रचार प्रसार गर्ने ।

७. जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी तथ्याङ्कहरू तथा अनुसन्धानबाट प्राप्त परिणामहरुको अनलाइन डेटाबेस निर्माण गर्ने ।

८. नेपालका ७५ वटै जिल्लामा जल, खाद्य तथा कीटजन्य रोगहरूको सर्वेक्षण/निगरानी विस्तार गरी यी रोगहरुका रोकथामको कार्यक्रमहरू आवश्यकतानुसार विस्तार गर्ने ।

९. जलवायुजन्य रोग तथा जोखिमहरूबाट मानव स्वास्थ्यको संरक्षणका निम्ति कम्तिमा जिल्लास्तरमा पूर्व सतर्कता प्रणालीको विकास गर्ने ।

१०. विपद् व्यवस्थापन तथा महामारी नियन्त्रणका लागि ७५ वटै जिल्लामा रहेका उद्धार टोलीहरुलाई थप तालिम प्रदान गरी सक्रिय परिचालन गर्ने ।

११. स्वास्थ्यसँग सम्बन्धित सबै नीतिहरूमा जलवायु परिवर्तनलाई समावेश गरी रूग्णता तथा मृत्युदर घटाउने ।

१२. जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी प्रत्येक वर्ष राष्ट्रिय स्तरको कार्यशाला गोष्ठी गर्ने ।

१३. दश हजार फिट भन्दा माथि हिमाली भेगमा पाइने जडीबुटीहरूको वितरण सम्बन्धी नक्साङ्कन गर्ने ।

१४. वातानुकूलित नमूना भवनहरूको ढाँचा तयार गर्ने र सो अनुसारको भवन निर्माण गर्न सरोकारवालाहरूसँग समन्वयन गरी कम्तिमा ५० वटा त्यस्ता भवन निर्माण गर्ने ।

## कार्यान्वयन रणनीति

स्वास्थ्य क्षेत्रले देशभरका अन्य सम्बन्धित क्षेत्रहरूसँग समन्वय गर्दै स्वास्थ्य सुधारका विभिन्न कार्यक्रम सञ्चालन गर्नु सङ्घीय गणतान्त्रिक नेपालको राष्ट्रिय जलवायु परिवर्तन अनुकूलता रणनीतिका उद्देश्य तथा कार्य हो । यसको लक्ष्य अन्य रणनीतिहरू सँग साझेदारिता गर्दै सम्बन्धित सम्पूर्ण क्षेत्रलाई समेटी सहकार्य गर्दै जलवायु परिवर्तनबाट स्वास्थ्यमा पर्ने असरको न्यूनीकरण गर्नु हो । नेपालको राष्ट्रिय स्रोत, साधन तथा संरचनाहरूको एकीन गर्दै जनचेतना जगाउने, सर्वेक्षण/निगरानी बढाउने, जलवायु परिवर्तनका असरबाट सजग हुने, रोग तथा यसका परिणामहरू घटाउने जस्ता लक्ष्यहरू पुरा गर्न राष्ट्रिय कार्य योजनालाई कार्यान्वयन गराउने मुख्य माग तथा आवश्यकताहरूमा क्षमता अभिवृद्धि गर्नु पनि हो ।

कार्यान्वयनका मुख्य रणनीतिलाई तल परिभाषित गरिएको छ ।

१. मुलुकभित्र विद्यमान ज्ञानको व्यवस्थापन र कार्यक्रमको योजना र कार्यान्वयनका लागि आवश्यक कोष र प्रविधि हस्तान्तरण गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने प्रभावकारी जलवायु एकाईको स्थापना स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गर्ने ।

२. राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुसन्धानका प्रमाणमा आधारित कार्य योजना निर्माण गरी तथा कार्यान्वयन गर्ने,

३. आवश्यक आर्थिक स्रोत र उपयुक्त जनशक्तिको पर्याप्तताका निम्ति ठोस कार्य योजना सहित स्रोत परिचालन गरी आवश्यक दक्ष जनशक्ति सहितको चुस्त प्रणालीको विकास गर्ने ।

४. हावा, पानी र खाद्य प्रदूषण, कीटजन्य रोग तथा कुपोषण सम्बन्धी कारक तत्वहरूको न्यूनीकरण गर्न आवश्यक अनुगमन गर्ने गरी विभिन्न तहमा प्रभावकारी सर्वेक्षण/निगरानी प्रणाली (Surveillance system) को स्थापना गर्ने ।

५. कीट, पानी, वायु र खाद्यजन्य रोगहरूको रोकथाम गर्ने,

६. जलवायु परिवर्तन प्रति संवेदनशील रोगहरु तिनिहरुका जोखिम तत्वहरूको नियमित अनुगमन तथा सर्वेक्षण गर्ने गरी अनुसन्धान क्षमता अभिवृद्धि गर्ने ।

७. स्वास्थ्यसँग सम्बन्धित सबै नीतिहरुमा जलवायु परिवर्तनलाई समावेश गर्ने ।

## अनुगमन तथा मूल्याङ्कन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय यस रणनीतिको अनुगमन तथा मूल्याङ्कनका निम्ति मुख्य रूपमा जिम्मेवार रहन्छ । मन्त्रालयले अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सुचकहरू बनाउने र त्यसको कार्यान्वयन गर्नेछ । यस क्रममा मन्त्रालय सम्बद्ध निकायहरू कार्य प्रगति र कार्यान्वयन पक्षको सम्पादन र समाधानका निम्ति जिम्मेवार रहन्छन् । स्थानीय स्वास्थ्य संस्थाले कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नेछन् । जलवायु परिवर्तन सम्बन्धी बजेट, वार्षिक कार्यक्रम र परियोजना/कार्यक्रमको प्रगति-विवरण आदि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जलवायु परिवर्तन परिषद् र सम्बन्धित एजेन्सीहरू समक्ष पेस गरिनेछ र अन्ततः त्यसलाई सार्वजनिक पनि गरिने छ ।

## आर्थिक पक्ष

- नेपाल सरकार, द्विपक्षीय एवं बहुपक्षीय, स्वदेशी तथा विदेशी व्यक्ति र संस्थाद्वारा प्रदान गरिएको आर्थिक सहायता युएनएफसिसिसि अन्तर्गत र जलवायु परिवर्तन सम्बन्धी गतिविधि सञ्चालनार्थ प्रबन्धन गरिने छ ।
- राष्ट्रिय जलवायु परिवर्तन नीति वि.सं. २०६७ को प्रावधान अनुसार जलवायु परिवर्तन कोषबाट कूल बजेटको ८० प्रतिशत रकम समुदाय स्तरमा प्रत्यक्ष विनियोजन गरिने छ ।

## जलवायु परिवर्तन स्वास्थ्य अनुकूलन कार्य योजना (२०७२ - २०७७)

### १. जलवायु परिवर्तन र यसका कारण स्वास्थ्यमा पर्ने असरबारे जनचेतना अभिवृद्धि गर्ने ।

| कार्य | उपाय/गतिविधि | समयसीमा | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| १.१ जलवायु परिवर्तन र यसका कारण स्वास्थ्यमा पर्ने असरबारे जनचेतना अभिवृद्धि र जनमानसमा निरन्तर सूचना प्रवाह गर्ने । | जलवायु परिवर्तनले स्वास्थ्यमा पर्ने असर र यसबाट बच्ने उपायहरू सम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरूको निर्माण तथा वितरण गर्ने । | २०७२ देखि निरन्तर | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (NHEICC)। | सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरूको उत्पादन र वितरण सङ्ख्या /वार्षिक । |
| | सञ्चार माध्यमलाई तथा सञ्चार माध्यममार्फत् समुदायमा नियमित सूचना प्रवाह गर्ने । | २०७२ देखि निरन्तर । | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (NHEICC)। | सञ्चार माध्यमलाई तथा सञ्चार माध्यम मार्फत् समुदायमा सूचना प्रवाह गरेको /वार्षिक (पटक) । |
| | जलवायु परिवर्तनले स्वास्थ्यमा पर्ने असर बारे श्रव्य-दृश्यको प्रयोग गर्ने ।<br><br>प्रभावित जनसमुदायको आवश्यकता र मागलाई ध्यानमा राखी सामाजिक परिचालन र आनीबानीमा परिवर्तन ल्याउने कार्य गर्ने । | २०७२ देखि निरन्तर । | NHEICC को संयोजकत्वमा विभिन्न पाठ्यक्रम विकास केन्द्रहरू। | टेलिभिजन सो तथा रेडियो कार्यक्रम, सडक नाटक/प्रदर्शन प्रति वर्ष (पटक) । |
| १.२ विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा जलवायु परिवर्तन तथा स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश वा अद्यावधिक गर्ने । | पाठ्यक्रम अद्यावधिक/पुनः समीक्षा गर्ने । | २०७२ देखि २०७७ सम्ममा । | विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम विकास केन्द्रहरू । | विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा समावेश भएका जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी विषयवस्तु । |

| कार्य | उपाय/गतिविधि | समयसीमा | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| १.३ जलवायु परिवर्तन र स्वास्थ्य विषयसँग सम्बन्धित स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, साझेदार संस्था र व्यक्तिको क्षमता अभिवृद्धि गर्ने । | नियमित रुपमा क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्ने । | २०७२ देखि २०७७ सम्ममा । | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (NHTC) । | तालिम र तालिममा सहभागीहरूको सङ्ख्या । |
| १.४ जलवायु परिवर्तन र यसका कारण स्वास्थ्यमा पर्ने असरहरूलाई अनौपचारिक शिक्षा क्षेत्रसँग एकिकृत गर्ने । | अनौपचारिक शिक्षा क्षेत्रमा श्रव्य-दृश्य सामाग्रीहरूको प्रयोग र प्रसार गर्ने । | २०७२ देखि २०७७ सम्ममा । | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र तथा अनौपचारीक शिक्षा केन्द्र । | श्रव्य-दृश्य सामाग्रीहरूको उत्पादन र वितरण सङ्ख्या । |

**२. जलवायु परिवर्तन र यसले स्वास्थ्यमा पार्ने प्रभाव सम्बन्धी नीति तथा कार्यक्रमलाई तथ्यपरक ढङ्गले तर्जुमा तथा परिमार्जन गर्न निरन्तर रुपमा खोज तथा अनुसन्धान गर्ने ।**

| कार्य | उपाय/गतिविधि | समयसीमा | जिम्मेवार निकायहरु | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| २.१ जलवायुजन्य स्वास्थ्य सम्बन्धित जोखिमहरूको अभिलेखन तथा प्रतिवेदन तयार गर्ने । | निदान, स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्यमा पर्ने प्रभाव सम्बन्धी तथ्याङ्क अभिलेखनको प्रारूप र प्रतिवेदन सम्बन्धि तालिम दिने ।<br>तालिम प्रशिक्षण निर्देशिका तयार गर्ने ।<br>जलवायु परिवर्तन तथा स्वास्थ्य सम्बन्धी अनुसन्धानलाई संस्थागत स्तरमा प्रोत्साहित गर्ने । | २०७२ देखि नियमित । | व्यवस्थापन महाशाखा/ HMIS र जिल्ला (जन) स्वास्थ्य कार्यालयहरू ।<br>नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ।<br>इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा । | जलवायु परिवर्तनजन्य रोग तथा जोखिम सम्बन्धी तथ्याङ्क सूची । |
| २.२ जलवायु परिवर्तन तथा स्वास्थ्य तथ्याङ्क विश्लेषण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने । | तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण सम्बन्धी तालिम दिने । | २०७२ देखि नियमित । | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् । | तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण सम्बन्धी तालिम प्राप्त सहभागीहरू । |
| २.३ जलवायु परिवर्तन र स्वास्थ्यका क्षेत्रमा कार्यरत अनुसन्धान गर्ने संघ संस्था एंव विज्ञहरूको सूची तयार गर्ने र नक्साङ्कन गर्ने । | संस्थाहरूको सूची वा नक्साङ्कन र विज्ञहरूको रोस्टर निर्माण गर्ने । | २०७२ देखि २०७३ सम्ममा । | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान, विश्वविद्यालयहरू । | अनुसन्धान प्रतिवेदन रोस्टर/ तथ्याङ्क सूची र नक्सा । |

| कार्य | उपाय/गतिविधि | समयसीमा | जिम्मेवार निकायहरु | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| २.४ जलवायु परिवर्तन सम्बन्धी हालसम्म गरिएका र गरिँदै आएका अनुसन्धानको तथ्याङ्क सूची निर्माण र व्यवस्थापन गर्ने । | जलवायु परिवर्तन र स्वास्थ्य अनुसन्धान सम्बन्धी प्रतिवेदनहरूको अनलाइन डाटाबेस (Online database) निर्माण गर्ने । | २०७२ देखि नियमित । | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् तथा विश्वविद्यालयहरू । | जलवायु परिवर्तन र स्वास्थ्य अनुसन्धान प्रतिवेदनको तथ्याङ्क सूची । |
| २.५ विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण सम्बन्धी अध्ययन-अनुसन्धान कार्य गर्ने र कार्यान्वयनका निम्ति सक्रिय हुने र सर्वेक्षण/निगरानी, अनुगमन, मूल्याङ्कन गर्ने । | वैज्ञानिक अनुसन्धान गर्ने र उपयुक्त माध्यम मार्फत् उक्त अनुसन्धान कार्य बारे सञ्चार प्रवाह गर्ने । | २०७२ देखि नियमित । | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्/ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान /विश्वविद्यालयहरू ,अनुसन्धान संस्थाहरू । | अनुसन्धान प्रतिवेदन एंव नीतिगत प्रस्तुति । |
| २.६ विपद् व्यवस्थापन तथा महामारी नियन्त्रणसम्बन्धी अभिलेखन तथा प्रतिवेदन तयार गर्ने । | छरिएर रहेका तथ्याङ्कहरूको एकत्रीकरणका लागि विद्युतीय तथ्याङ्कको संशोधन तथा निर्माण अध्यावधिक गर्ने । | २०७३ देखि नियमित । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय / गृह मन्त्रालय तथा सम्बद्ध संस्थाहरू । | प्रतिवेदन |
| २.७ विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण विषयमा प्राप्त प्रमाणहरू सम्बन्धी संस्थागत समन्वय, सहकार्य र प्रसारण गर्ने । | बैठक/प्रकाशन/प्रचार-प्रसार मार्फत् नियमित अन्तरक्रिया, कार्यशाला गोष्ठीको आयोजना गर्ने ।<br>एफ.एम रेडियो, राष्ट्रिय टेलिभिजन मार्फत् परिणाम प्रसारण गर्ने । | २०७२ देखि नियमित । | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् तथा विश्वविद्यालयहरू । | संस्था / अनुसन्धान /प्रतिवेदन/ शोधपत्रहरूको तथ्याङ्क सूची ।<br>प्रसारण गरिएका सामाग्रीहरूको सूची र रेकर्ड । |

| कार्य | उपाय/गतिविधि | समयसीमा | जिम्मेवार निकायहरु | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| २.८ तीन हजार मिटर (दश हजार फिट) भन्दा माथि हिमाली भेगमा पाइने जडीबुटीहरूको भौगोलिक वितरणमा जलवायु परिवर्तनले पार्ने प्रभाव सम्बन्धी निरन्तर सर्वेक्षण तथा अनुसन्धान गर्ने । | सर्वेक्षण तथा अनुसन्धान गर्ने । | २०७२ देखि निरन्तर । | आयुर्वेद विभाग/राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र / नेपाल स्वास्थ्य अनुसन्धान परिषद् । | अनुसन्धान तथा सर्वेक्षण प्रतिवेदनहरू। |
| २.९ जलवायु परिवर्तनले स्वास्थ्यमा पार्ने जोखिमको बहु विषयगत अध्ययन अनुसन्धान तथा सर्वेक्षण गर्ने । | अध्ययन अनुसन्धान तथा सर्वेक्षण गर्ने । | २०७३ देखि २०७४ सम्ममा । | केन्द्रीय तथ्याङ्क विभाग/नेपाल स्वास्थ्य अनुसन्धान परिषद् । | विभिन्न किसिमका स्वास्थ्य जोखिमहरूको पहिचान गरिएको ।<br>अध्ययन अनुसन्धान र सर्वेक्षणको प्रतिवेदन पारित गरिएको । |

३. जलवायु परिवर्तनजन्य सङ्क्रामक रोग (कीट, जल, वायु र खाद्यजन्य) तथा कुपोषणका कारण उत्पन्न रूग्णता (Morbidity) र मृत्युदर (Mortality) को न्यूनीकरण गर्ने ।

| कार्य | उपाय/गतिविधि | समयसीमा | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन सुचकहरु |
|---|---|---|---|---|
| ३.१.१ सङ्क्रामक रोगहरू सम्बन्धी सर्वेक्षण/निगरानी प्रणालीको सशक्तिकरण र स्थापना गर्ने । | तथ्याङ्क अभिलेखन प्रारूप र प्रतिवेदन सम्बन्धी स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्त्ताहरूलाई तालिम दिने । | २०७२ देखि २०७३ सम्ममा | इपिडेमोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | जलवायु परिवर्तनबाट सिर्जित जोखिमहरूको तथ्याङ्क सूची । |
| ३.१.२ कीटजन्य रोग सम्बन्धी अनुसन्धान र निगरानी बढाउने । | सर्वेक्षण गर्ने । | २०७२ देखि नियमित । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/भिबिडीआरटीसी । | तथ्याङ्क सूची |
| ३.१.३ जलवायु परिवर्तनको परिप्रेक्ष्यमा कीट तथा पानीजन्य रोग फैलने वा महामारी हुन सक्ने स्थानहरूको नक्साङ्कन गरी यी रोगहरूको नियन्त्रण सम्बन्धी कार्यक्रमहरूको पुनरावलोकन वा समीक्षा गरी विस्तार गर्ने । | कार्यक्रमहरूको पुनरावलोकन तथा विस्तार गर्ने । | २०७२ देखि २०७४ सम्ममा । | इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | रोग नियन्त्रण कार्यक्रममा आएको परिवर्तन तथा विस्तार । |
| ३.१.४ पशुजन्य रोग तथा नयाँ देखा परेका रोगहरूको सर्वेक्षण गर्ने । | सर्वेक्षण गर्ने । | २०७२ देखि नियमित । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/कृषि मन्त्रालय । | तथ्याङ्क सूची |
| ३.२ जलवायु समानुकूलित सुरक्षित खानेपानी योजना कार्यान्वयन गर्ने । | स्वच्छ/सुरक्षित खानेपानीको पर्याप्त आपूर्ति गर्ने । | २०७२ देखि नियमित । | खानेपानी तथा सरसफाई मन्त्रालय/खानेपानी तथा ढल निकास विभाग (DWSS)। | स्वच्छ/सुरक्षित खानेपानीको उपयोग गर्ने जनसङ्ख्याको प्रतिशत । |

| कार्य | उपाय/गतिविधि | समयसीमा | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन सुचकहरु |
|---|---|---|---|---|
| ३.३ राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयनको निगरानी गर्ने । | वितरण गरिएको खानेपानीको गुणस्तर परिक्षण गर्ने । | २०७२ देखि नियमित । | इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा/स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | स्वच्छ/सुरक्षित खानेपानी सम्बन्धी तथ्याङ्क । |
| ३.४ पानीको मुहानको सुरक्षा र खुल्ला दिसामुक्त क्षेत्रलाई प्रोत्साहित गर्ने । | चेतना अभिवृद्धि गर्ने । | २०७२ देखि नियमित । | खानेपानी तथा सरसफाई मन्त्रालय/खानेपानी तथा ढल निकास विभाग (DWSS)। राष्ट्रिय स्वास्थ्य शिक्षा र सञ्चार केन्द्र । सञ्चार माध्यम । | खुल्ला दिसामुक्त क्षेत्रको जिल्ला, गा.वि.स स्तरमा घोषणा । |
| ३.५ वायुको गुणस्तर सुधार एवं सर्वेक्षण र वायुजन्य रोगहरूको न्यूनीकरण गर्ने । | वायु प्रदूषण र वायुजन्य रोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने । | २०७२ देखि नियमित । | वन तथा वातावरण मन्त्रालय/नेपाल स्वास्थ्य अनुसन्धान परिषद् । | वायुजन्य रोग सम्बन्धी अस्पताल र अनुसन्धान प्राप्त तथ्याङ्क । |
| ३.६ खाद्य सुरक्षा सुनिश्चित गर्ने तर्फ पहल गर्ने । | खाद्य सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि र अनुगमन गर्ने । | २०७२ देखि नियमित । | कृषि मन्त्रालय । | प्रतिवेदनहरू । |
| ३.७ खाद्यान्नको सही उपयोग गर्ने तरिकाका लागि प्रोत्साहित गर्ने । | चेतना अभिवृद्धि गर्ने र व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | २०७२ देखि नियमित । | बाल स्वास्थ्य महाशाखा । | |
| ३.८ वातावरणीय सरसफाई र स्वस्थ्य जीवन यापनलाई प्रोत्साहित गर्ने । | चेतना अभिवृद्धि गर्ने र व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | २०७२ देखि नियमित । | राष्ट्रिय स्वास्थ्य शिक्षा र सञ्चार केन्द्र/खानेपानी तथा ढल निकास विभाग (DWSS)। स्थानीय विकास मन्त्रालय । | स्वास्थ्य एवं सफा वातावरणको उपयोग गर्ने घरधुरी प्रतिशत । |

४. जलवायुजन्य चरम घटनाका कारण उत्पन्न जोखिमहरूको व्यवस्थापन गर्न सहयोग गर्ने ।

| कार्य | उपाय/गतिविधि | समय बीमा | सङ्घ-संस्था | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| ४.१ वातावरणीय स्वास्थ्य तथा जलवायु परिवर्तन सम्बन्धी विषयहरूको सम्बन्धनका लागि संस्थागत विकास गर्ने । | वातावरणीय स्वास्थ्य तथा जलवायु परिवर्तनका क्षेत्रमा गतिविधि कार्यान्वियनका लागि कार्यदल गठन गरी सम्बद्ध मन्त्रालय एवं संस्थाहरू मार्फत् संस्थागत सशक्तिकरण गर्ने । | २०७२ देखि २०७३ सम्ममा । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ वातावरण मन्त्रालय । | जिम्मेवार व्यक्तिहरूको कार्यदलमा नियुक्ति । |
| ४.२ पूर्व सतर्कता प्रणालीको स्थापना । | जन स्वास्थ्यको संरक्षणका लागि वायुको स्वच्छता, सङ्क्रामक रोगको महामारी सम्बन्धी पूर्व सतर्कता प्रणालीको विकास गर्ने । | २०७२ देखि नियमित । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।<br>इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा । | वायु र जलको स्वच्छता वा गुणस्तर, शीतलहर, लू वा तापलहर, बाढी जस्ता चरम मौसमी घटनाहरू सम्बन्धी पूर्व सतर्कताका लागि सक्रिय सतर्कता प्रणाली । रोग महामारीको पूर्व तयारी । प्रमुख सार्वजनिक स्थलहरूमा जलवायु सम्बन्धी विभिन्न सूचना प्रवाहित गर्ने । |
| ४.३ विपद् व्यवस्थापन तथा महामारी नियन्त्रणका लागि सक्रिय टोलीको क्षमता तालीम तथा अध्ययन भ्रमणका अवसर मार्फत् क्षमता अभिवृद्धि गर्ने । | केन्द्रीय, प्रादेशिक, जिल्ला र स्थानीय स्तरमा सक्रिय टोलीको गठन गर्ने । | २०७२ देखि नियमित । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/गृह मन्त्रालय/रक्षा मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । | बैठक माइन्युट र सक्रिय टोलीको गठन । |

| कार्य | उपाय/गतिविधि | समय बीमा | सङ्घ-संस्था | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| ४.५ स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाका भवनहरूलाई वातावरण मैत्री बनाउने । | स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाका भवनहरूलाई वातानुकूलित बनाउन विद्यमान नीतिमा परिवर्तन गरी कार्यान्वयन गर्ने । | २०७२ देखि निरन्तर । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, सहरी विकास मन्त्रालय । | वातावरण मैत्री भवनहरूको सङ्ख्या । |
| ४.६ आवश्यक समाग्रीको योजना बनाउने । | आवश्यक सामाग्रीका निम्ति योजना व्यवस्थापन प्रक्रिया र विद्युतीय सूची निर्माण तथा अद्यावधिक गर्ने । | २०७२ देखि नियमित । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय /गृह मन्त्रालय/अर्थ मन्त्रालय/सहरी विकास मन्त्रालय/स्थानीय विकास मन्त्रालय । | भैपरी योजना सरसामानहरूको उपलब्धता हुनु पर्ने । |
| ४.७ कानुनी रूपरेखाको सशक्तिकरण गर्ने । | गतिविधिहरूको कानूनी मान्यताका निम्ति सम्बद्ध सबै दस्तावेजको समीक्षा गर्ने र उक्त दस्तावेजलाई अद्यावधिक गर्ने । | नियमित । | कानुन मन्त्रालय । | कानूनी कार्य । |

५. जलवायु परिवर्तनका कारण पर्ने असरबाट मानव स्वास्थ्यलाई सुरक्षा प्रदान गर्ने बहु-क्षेत्रगत सहकार्यद्वारा सम्बन्धित अन्य नीतिहरूमा स्वास्थ्य क्षेत्रलाई समावेश गर्ने ।

| कार्य | उपाय/गतिविधि | समयसीमा | सङ्घ-संस्था | अनुगमन तथा मूल्याङ्कन (सुचक) |
|---|---|---|---|---|
| ५.१ बहु-सरोकारवाला समन्वय समितिको गठन गर्ने । | उच्च स्तरीय समिति, सञ्चालन समिति र कार्य समितिको गठन गर्ने तथा बैठक सञ्चालन गर्ने । | २०७२ सम्ममा । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ राष्ट्रिय योजना आयोग । | समितिका बैठकको संङ्ख्या तथा निर्णयहरू कम्तीमा ३ वटा बैठक सञ्चालन गरेको (वर्षमा ३ पटक) । |
| ५.२ साझेदारहरूका लागि पक्षपोषण र अभिमुखीकरण गर्ने । | साझेदारहरूलाई सुसूचित गर्न प्याकेज तयार गरी कार्यशाला गोष्ठी, तथा अभिमुखीकरण गर्ने । | २०७२ को अन्त्य सम्ममा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ राष्ट्रिय योजना आयोग । | साझेदारहरूलाई सुसूचित गरिएको र IEC/BCC सामाग्री उत्पादन गरिएको । केन्द्र तथा प्रदेशहरूमा गरेको अभिमुखीकरण (८) । |
| ५.३ मुलुकका सम्बन्धित अन्य नीतिहरूमा स्वास्थ्यलाई समावेश गर्ने । | मुलुकका अन्य क्षेत्रमा विद्यमान नीतिहरूमा स्वास्थ्य सम्बन्धी विषय समावेश गर्ने । | २०७७ सम्ममा । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ राष्ट्रिय योजना आयोग/कानून मन्त्रालय/मन्त्रिपरिषद् | जलवायु परिवर्तन सँग जोडिएका स्वास्थ्य सम्बन्धी विषयहरूलाई सम्बन्धित अन्य क्षेत्रका नीतिमा समावेश गरिएको । |

सहयोग

World Health Organization

Nepal